का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ साउन २०८२,
शनिबार
19 July, 2025
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १६७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## सवारी दुर्घटनाको डरलाग्दो तथ्यांक
# दैनिक १० जनाले गुमाउँछन् ज्यान


शुक्रबार राष्ट्रिय सभा अन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिमा भएको 'शान्ति सुरक्षा र अपराध नियन्त्रणको अवस्था, सुरक्षाकर्मीको मनोवल बढाउन पछिल्लो समयमा भएका प्रयासहरु' विषयक छलफलमा सहभागीहरु ।


सवारी दुर्घटनामा परेर सरदर दैनिक ७ देखि १० जनासम्मको मृत्यु हुने गरेको तथ्यांकमै देखिन्छ ।

**दीपक थापा**
प्रहरी महानिरीक्षक

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ साउन ।

नेपालमा दैनिक सवारी दुर्घटना भइरहेको हुन्छ । जसमा परेर दैनिक १० जनासम्मले ज्यान गुमाइरहेका छन् । यो झट्ट सुन्दा अपत्यारिलो लाग्न सक्छ, तर प्रहरीको तथ्यांकले यही देखाउँछ ।

प्रहरी महानिरीक्षक दीपक थापाकाअनुसार सवारी दुर्घटनाको संख्या बढ्दो छ । आर्थिक वर्ष २०८०/०८१ को तुलनामा आर्थिक वर्ष २०८१/०८२ मा सवारी दुर्घटनाको संख्या र ज्यान गुमाउनेको संख्या दुवै बढेको छ ।

शुक्रबार राष्ट्रिय सभा अन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिमा 'शान्ति सुरक्षा र अपराध नियन्त्रणको अवस्था, सुरक्षाकर्मीको मनोवल बढाउन पछिल्लो समयमा भएका प्रयासहरु'बारे छलफल थियो । जहाँ सवारी दुर्घटनाको विवरण प्रस्तुत गर्दै प्रहरी महानिरीक्षक थापाले सवारी दुर्घटनाको भयावह अवस्थाको चित्रण गरेका हुन् ।

संसदीय समितिमा प्रस्तुत तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/०८१ को भन्दा आर्थिक वर्ष २०८१/०८२ मा झन्डै १.२४ प्रतिशतले सवारी दुर्घटना सम्बन्धी कसुरको मात्रा बढेको छ ।

आर्थिक वर्ष २०८०/०८१ को असार मसान्तसम्ममा सवारी दुर्घटनासँगसम्बन्धी देशभर ५८ हजार ४ सय ७० वटा मुद्दा पृष्ठ २ मा

### एक वर्षमा २५ सयको मृत्यु

प्रहरी महानिरीक्षक थापा आफैं सवारी दुर्घटनाको स्थिति भयावह रहेको बताउँछन् । उनी भन्छन्, 'सवारी दुर्घटनामा परेर सरदर दैनिक ७ देखि १० जनासम्मको मृत्यु हुने गरेको देखिन्छ ।'

उनकाअनुसार एक आर्थिक वर्षमा सवारी दुर्घटनामा मृत्यु हुनेको संख्यालाई ३६५ ले भाग गर्दा सरदर दैनिक ७ देखि १० जनासम्मको मृत्यु हुने गरेको तथ्याङ्क आएको हो ।

प्रहरीको तथ्याङ्कले आर्थिक वर्ष २०८१/०८२ मा २८ हजार ६ सय ९२ वटा सवारी दुर्घटना भएको देखाउँछ । जसमा परेर २ हजार ५४९ जनाको मृत्यु भएको छ ।

अघिल्लो वर्षको असार मसान्तसम्ममा देशभर पृष्ठ २ मा

### काठमाडौंकै सडक असुरक्षित

तुलनात्मक रुपमा काठमाडौं उपत्यकाको सडक फराकिलो र केही हदसम्म व्यवस्थित देखिन्छ । तर, सवारी दुर्घटनाको तथ्याङ्कले काठमाडौं उपत्यकाकै सडक असुरक्षित रहेको देखाउँछ ।

प्रहरीमा सवारी दुर्घटनासँग सम्बन्धित मुद्दा सबैभन्दा धेरै काठमाडौं उपत्यकामा दर्ता भएका छन् ।

प्रहरीमा सवारी दुर्घटनासँग सम्बन्धित दर्ता भएका कूल मुद्दामध्ये काठमाडौं उपत्यकामा दर्ता भएका मुद्दाको संख्या १६ हजार १७२ छ । काठमाडौं उपत्यकापछि मधेस प्रदेशमा सवारी दुर्घटनाको अवस्था डरलाग्दो छ । मधेस प्रदेश पछि पृष्ठ २ मा

# सवाल–जवाफमा ओर्लियो एमाले




सचिवालय बैठकबाट विधि निर्माणको अन्योल अन्त्य भएको छ, मिसन ८४ का लागि बलियो नेतृत्व र एकताबद्ध पार्टी आवश्यक थियो, त्यो सुनिश्चित भएको छ

**शंकर पोखरेल**
महासचिव, नेकपा एमाले


ओलीकै नेतृत्वमा ७० वर्षे उमेर हद र दुई कार्यकालको सीमालाई बैधानीकता दिएर वैज्ञानिक बनाएका थिए, तर अहिले ओलीकै नेतृत्वमा त्यसलाई मिच्ने कार्य उचित होइन

**कर्ण थापा**
स्थायी कमिटी सदस्य, नेकपा एमाले

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २ साउन ।

सरकारको नेतृत्व गरिरहेको नेपाल कम्युनिष्ट पार्टी (एमाले) भित्रको खट्पट् सार्वजनिकरूपमा छताछुल्ल भएको छ । पार्टीका शीर्ष नेताहरूबीच एक अर्काप्रतिको छेडखानायुक्त सवाल जवाफले एमालेभित्र कलहको विरूवा झाँगिदै गएको प्रष्ट देखिएको हो ।

पार्टीको सक्रिय राजनीतिमा हाम फालेकी पूर्वराष्ट्रपति तथा एमालेकी पूर्वउपाध्यक्ष विद्यादेवी भण्डारीलाई आगामी नेतृत्वमा रोक्ने र पार्टी अध्यक्ष बनाउँने भन्नेबीचको लडाइँले एमाले नेताहरूबीच वाकयुद्ध नै चलेको छ । आगामी भदौं २०-२२ मा हुने विधान महाधिवेशनको पूर्वसन्ध्यामा बसेको सचिवालय बैठकले पार्टी विधानमा व्यवस्था भएको ७० वर्षे उमेर हद र दुई कार्यकालको सीमा हटाउने निर्णय गरेपछि यो विषयमा नेताहरू दुई ध्रुबमा विभाजन भएका छन् ।

सचिवालयको निर्णय लगत्तै पार्टी महासचिव शंकर पोखरेलले विधि निर्माणको अन्योल अन्त्य भएको बताएका थिए । 'विधि निर्माणको अन्योल अन्त्य भएको छ', उनले भनेका छन् -'मिसन ८४ का लागि बलियो नेतृत्व र एकतावद्ध पार्टी आवश्यक थियो । त्यो सुनिश्चित भएको छ ।' उनको यो अभिव्यक्तिले एमालेको आगामी नेतृत्वमा फेरि पनि केपी ओलीलाई नै स्थापित गराउने पक्का भएको संकेत गरेको छ ।

महासचिव पोखरेलको उक्त सार्वजनिक अभिव्यक्तिप्रति पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेले काउन्टरयुक्त जवाफ फर्काएका थिए । उनले पार्टी सचिवालयमा प्रस्तावित विषय पोलिट्व्युरो बैठकमा व्यापक छलफल भएरमात्रै निर्णय हुने बताएका थिए । उनी नेतृत्वका लागि ७० वर्षे उमेर हद र दुई कार्यकालको सीमा विधानबाट नहटाउने पक्षमा प्रष्ट उभिएका छन् । यो विषयमा पार्टीमा बृहत् छलफल गर्नुपर्ने उनको धारणा छ । सचिवालय बैठकले बरिष्ठ पद समेत खारेजीको निर्णय गरेको बताएपछि उनी सो निर्णयप्रति थप सशंकित बनेका हुन् ।

पार्टीमा एकाएक पूर्वराष्ट्रपतिको सक्रियता बढेपछि सो विषयमा पार्टीभित्र २ धार प्रष्ट देखिएको छ । एमालेमा ओली नेतृत्वमा आएदेखि गुटको अन्त्य हुँदै नेतृत्वको हुबहु आदेश मान्ने अवस्था बनेको थियो । पार्टी अध्यक्ष ओलीको आदेश विपरित कसैले बोल्यो भने पनि पार्टीबाट निष्काशनमा परेका कयौं घटनाहरू ताजै रहेको एक नेताले मध्यान्हलाई बताए । उनले भने 'पछिल्लो पटक हाम्रो पार्टीमा आन्तरिक लोकतान्त्रको पृष्ठ २ मा

# 'एस'मा समाहित वामदेव



*नेकपा एमाले-माओवादी आ-आफ्नो बाटो लागेपछि मझधारमा अल्मलिएका नेता गौतम निकै लामो समयको पर्खाइपछि अन्ततः नेकपा एसमा प्रवेश गरेका हुन्*

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ साउन ।

लामो छटपटीपछि नेकपा एकता राष्ट्रिय अभियानका संयोजक बामदेव गौतम नेकपा एकीकृत समाजवादीमा समाहित भएका छन् । नेकपा एमाले र माओवादी केन्द्रबीच बनेको नेकपा फुटेर एमाले-माओवादी आ-आफ्नो बाटो लागेपछि मझधारमा अल्मलिएका नेता गौतम निकै लामो समयको पर्खाइपछि अन्ततः नेकपा एसमा प्रवेश गरेका हुन ।

यसबीचमा एमालेमै फर्कने तयारी गरेपनि एमाले अध्यक्ष केपी शर्मा ओली र गौतमबीच पदीय जिम्मेवारी लेनदेनमा कुरा नमिलेपछि उनी फेरि अलमलमा थिए । नेकपा एमाले विभाजन गरी नयाँ माधव नेपालले नयाँ पार्टी घोषणा गर्दा गौतम पनि नेपाल पक्षमै थिए ।

तर उनी अरूको नेतृत्वमा बनेको सानो दलमा बस्ने भन्दा पनि आफै संयोजक भएर एकता अभियानका नाममा अभियान चलाउने र स्थापित पार्टी एमालेमै महत्वपूर्ण जिम्मेवारीसहित जाने योजनामा थिए । यद्यपि उनलाई त्यो अवसर जुरेन ।

अन्तमा शुक्रबार माधव नेपाल नेतृत्वको नेकपा एसमा प्रवेश गरेका नेता गौतमले आफू यो पार्टीमा आउन ४ वर्ष लागेको भन्दै ४ वर्षअघि नै पार्टीमा आएको भए समाजवादको अभियान अगाडि बढीसक्ने दाबी गरे । नेता गौतमलाई मञ्चमा बसेका नेताहरू माधव नेपाल, सम्मानित नेता झलनाथ खनाल लगायतले स्वागतका लागि खादामाला सहित स्वागत गरे । ३ नेताबीच गला मिलाएर खुसी साटासाट भइरहँदा नेकपा एसभित्रको तनाव त्यत्तिकै गहिरो बन्दै गएको छ । पार्टी स्थापनाकालमा माधव नेपाललाई हात समाएर पार्टी दर्ता प्रकृयामा महत्वपूर्ण भूमिका खेलेकी पूर्व सचिव रामकुमारी झाँक्री पार्टीका नेकपा एसमा रहने-नरहने टुंगो छैन् । सो दलका दर्जनौ नेताहरू एमालेमै फर्किसकेका छन् । तर, पार्टीमा पूर्व सहकर्मीहरू माधव नेपाल, झलनाथ खनाल र वामदेव एकै ठाउँमा उभिएका छन् ।

यो अभियानले समाजवाद निर्माणको यात्रा तय गरेको नेता गौतमले दाबी गरेका छन् । उनले भनेका छन ' नेकपा एससँगको सहकार्यले समाजवादको यात्रा सुरू गरेको छ । मेरो अभियान यहाँबाटै पुरा गर्न सक्ने ठानेर मैले पुराना साथिहरूसहित एकै ठाउँमा रहने निर्णय गरेको हुँ ।' कम्युनिष्ट पार्टी एकता, समाजवाद निर्माण आफ्नो उद्देश्य रहेको गौतमले बताए । तर, कतिपय नेताहरू गौतमको यात्रा अस्थिर हुने भएकाले उनी नेकपा एसमा पनि कति बस्न सक्छन भन्ने शंसय व्यक्त गर्दै आएका छन् ।

**वैदेशिक रोजगार विशेष**

# गत वर्ष गए करिब साढे ८ लाख कामदार विदेश




**मध्यान्ह संवाददाता**
काठमाडौं, २ साउन ।

रोजगारी खोज्दै अघिल्लो आर्थिक वर्ष २०८०/०८१ को तुलनामा गत आर्थिक वर्ष २०८१/०८२ मा करिब एक लाख बढी युवायुवती विदेश गएका छन् । भर्खरै समाप्त भएको आर्थिक वर्ष २०८१/०८२ मा श्रम स्वीकृति लिएर ८ लाख ३९ हजार २६६ जना वैदेशिक रोजगारीमा गएका छन् ।

त्यसभन्दा अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा ७ लाख ४१ हजार २९७ जना र त्यसभन्दा अघि आर्थिक वर्ष २०७९/०८० मा ७ लाख ७१ हजार ३२७ जना श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन् ।

वैदेशिक रोजगार विभागले वार्षिक प्रगति विवरण सार्वजनिक र आगामी कार्यक्रमबारे जानकारी दिन शुक्रबार विभागमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा श्रम स्वीकृतिको संख्या ठूलो मात्रामा बढेको बताएको छ । विभागले व्यक्तिगत ठगीमा पर्नेहरूको संख्या पनि तीव्ररूपमा पृष्ठ २ मा

### युरोपको मागपत्र प्रमाणीकरण र सेवा शुल्क निर्धारण गर्न सरकारसँग निरन्तर लविङ : उपाध्यक्ष पौडेल



**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तृतीय उपाध्यक्ष बैकुण्ठ पौडेल 'वैभव'ले यथाशक्य छिटो युरोपेली मुलुकको मागपत्र प्रमाणीकरण र सेवा शुल्क निर्धारण गर्न सरकारसँग निरन्तर छलफल भइरहेको बताएका छन् । वैदेशिक रोजगार व्यवसायी संघ झापाको प्रथम स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा आफ्नो मन्तव्य राख्दै तृतीय उपाध्यक्ष पौडेलले सो जानकारी दिएका हुन् । पृष्ठ २ मा

# नेपाल–चीन सम्बन्धलाई पुस्तौंसम्म विस्तार गर्नुपर्छ : प्रधानमन्त्री

**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल र चीनबीचको मित्रतालाई नयाँ पुस्तासम्म विस्तार गर्नुपर्ने बताएका छन् ।

उनले सम्बन्धलाई अझ अगाडि बढाउने सवालमा नेपाल सरकारका तर्फबाट गर्नुपर्ने काममा कुनै कसर बाँकी नराखिने स्पष्ट पारे ।

नेपाल र चीनबीच कूटनीतिक सम्बन्धको ७०औं वर्षगाँठका अवसरमा फिनिक्स इन्स्पिरेशनद्वारा आज आयोजित नेपाल-चीन सांस्कृतिक शिखर सम्मेलन, २०२५ मा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले नेपाल र चीन अत्यन्तै पुराना र ऐतिहासिक देशहरु भएको बताउँदै कूटनीतिक सम्बन्धको ७०औं वर्षगाँठका अवसरमा यस्तो कार्यक्रम आयोजना गर्दा आपसी सांस्कृतिक सम्बन्ध विस्तारका लागि असाधारण सन्देश दिएको बताए ।



'यसले पुस्तापुस्तासम्म आपसी मित्रता बढ्दै जान सघाउनेछ । बहुआयामिक सम्बन्धलाई बढाउँछ । सम्बन्धहरु लेनदेनको मात्रै हुँदैनन्, पारस्परिक भावना र सांस्कृतिक विविध पक्षहरु हुन्छन्',प्रधानमन्त्री ओलीले भने, 'दुई देशबीचको मैत्री सम्बन्धलाई अगाडि बढाउने सवालमा सरकारको तर्फबाट कुनै पनि कसर बाँकी राखिने छैन । मित्रताका लागि गच्छे चाहिँदैन । गच्छेअनुसार पारस्परिक सम्बन्ध बढाइनेछ । अझ व्यापक बनाइनेछ ।'

कार्यक्रममा प्रधानमन्त्री ओलीले युवा सशक्तीकरण पुरस्कारबाट काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोल, व्यवसाय नेतृत्व पुरस्कारबाट राजेशकाजी श्रेष्ठ र वीरेन्द्रराज पाण्डे तथा शिक्षा उत्कृष्ट पुरस्कारबाट अनुराधा शर्मालाई सम्मान प्रदान गरेका थिए ।

# चक्रपथ विस्तारको काम सधैं 'होल्ड'मा राख्ने भए विकल्प खोज्नुपर्छ : सांसद ज्वाला

**काठमाडौं/मस–** नेकपा एकीकृत समाजवादीका सांसद प्रकाश ज्वालाले कलंकी-नारायणगोपाल चोक-कोटेश्वर चक्रपथ विस्तारको काम छिटो अगाडि बढाउन आग्रह गरेका छन् । शुक्रबार सिंहदरबारमा बसेको संसदको पूर्वाधार विकास समितिको बैठकमा उनले यस्तो आग्रह गरेका हुन् ।

सांसद ज्वालाले चिनियाँ कम्पनीले निर्माण गर्न लागेको चक्रपथ विस्तारको काम सधैं 'होल्ड'मा राख्ने हो भने विकल्प खोज्नुपर्ने बताए । सांसद ज्वालाले सर्वसाधारणलाई प्राविधिक कुरा वा सरकारी प्रक्रियासँग सरोकार नभएको भन्दै सबैले छिटो परिणाम खोजेको स्पष्ट पारे ।

काम सुरु हुने हो भने कहिलेदेखि हुने र नहुने भए



विकल्पका लागि तयार रहन पनि उनले आग्रह गरे । सांसद ज्वालाले राजधानीकै सडकको बेहाल हुनु लाजमर्दो कुरा भएको बताए । उनले दुर्गमतिर, कर्णाली वा सुदूरपश्चिमतिर झन् कस्तो अवस्था होला भन्दै प्रश्न गरे ।

उनले चक्रपथ विस्तारको काम छिटो सुरु गर्न आग्रह गर्दै सरकारको तर्फबाट गर्नुपर्ने कामका बारेमा स्पष्ट पार्न आग्रह गरे ।

# २० दिनभित्र विद्यालय शिक्षा ऐन जारी गर्न महासंघको अल्टिमेटम

**काठमाडौं/मस–** सरकारलाई २० दिनभित्र विद्यालय शिक्षा ऐन जारी गर्न शिक्षक महासंघले अल्टिमेटम दिएको छ । महासंघले शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै २१ साउनभित्र ऐन जारी गर्न अल्टिमेटम दिएको छ ।

'संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विधेयकमाथि चलिरहेको छलफल छिटो सम्पन्न गरी विगतका सहमति समावेश भएको अग्रगामी विद्यालय शिक्षा विधेयक प्रतिनिधिसभामा पेस गरी कम्तीमा २१ साउन २०८२



अघि पारित गराउन सम्बन्धित पक्षको गम्भीर ध्यानाकर्षण गराउँछौं,' विज्ञप्तिमा भनिएको छ ।

'अहिलेसम्मको समग्र अवस्था विश्लेषण गर्दा राज्यपक्ष फेरि नेपाली शिक्षक-कर्मचारीलाई धोका दिन र आन्दोलन तर्फ धकेल्न उद्दत रहेको प्रतीत हुन्छ । यो अवस्थाको यथाशीघ्र अन्त्य हुन जरुरी छ,' विज्ञप्तिमा छ । २१ साउनभित्र विधेयक प्रतिनिधिसभाबाट पारित नभएमा सशक्त आन्दोलन गर्ने चेतावनी महासंघले दिएको छ ।

साथै, 'यो अवधिमा विद्यालय शिक्षा विधेयक प्रतिनिधिसभाबाट पारित भई अघि नबढेमा वा नेपाल शिक्षक महासंघसँग भएका सहमति विपरीत प्रबन्ध गरी अघि बढेमा महासंघ विगतमा भन्दा कडा र सशक्त आन्दोलन गर्ने कुरा उद्घोष् गर्दछ । आन्दोलनका कार्यक्रम यथासमयमा सार्वजनिक गरिनेछ,' विज्ञप्तिमा छ ।

विधेयक पारित नभएपछि आन्दोलन र त्यसबाट उत्पन्न हुने कठोर परिणामप्रति राज्यपक्ष नै जिम्मेवार हुने महासंघले जनाएको छ । २०७५, २०७८, २०८० र २०८१ सालमा भएको सम्झौता अनुसार ऐन जारी हुनुपर्ने माग महासंघको छ । अन्तिम पटक गत २० चैतदेखि २९ दिन लामो शैक्षिक सडक आन्दोलन भएको थियो । १७ वैशाखमा १५ असारभित्र ऐन जारी गर्ने सहमति भएको थियो। तर अहिलेसम्म पनि ऐन जारी नभएपछि महासंघ आक्रोशित भएको हो ।

# भ्रष्टाचारका घटनाप्रति नेपाल ट्रेड युनियन कांग्रेसद्वारा सरकारको ध्यानाकर्षण



**काठमाडौं/मस–** नेपाल ट्रेड युनियन कांग्रेसले सरकारका मन्त्रीहरूबाटै सार्वजनिक भएका घुस तथा भ्रष्टाचारका घटनाहरूप्रति सरकारको ध्यानाकर्षण गराएको छ ।

शुक्रबार एक विज्ञप्ति जारी गर्दै युनियन कांग्रेसले सत्ता र शक्तिको दुरुपयोग गरी भइरहेका यस्ता अनियमितता तथा भ्रष्टाचारजन्य घटनामा शून्य सहनशीलताको नीति अवलम्बन गर्न सरकारसमक्ष माग गरेको हो ।

'पछिल्ला दिनहरूमा नेपाल सरकारका विभिन्न मन्त्री तथा उच्चपदस्थ व्यक्तिहरू भ्रष्टाचारमा संलग्न भएको आशंकासहितका घटनाहरू एकपछि अर्को गरी सार्वजनिक भइरहेका छन्', महासचिव अजयकुमार राईद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'यसरी निरन्तर बाहिरिएका प्रकरणहरूले सरकारको सुशासन र पारदर्शिताप्रतिको प्रतिबद्धतामा गम्भीर प्रश्न उठाएको छ ।'

राज्यको मुख्य निकाय कार्यपालिकाका सदस्यहरु नै भ्रष्टाचारमा आरोपित हुने, संसदीय समितिबाट अनुमोदन भएका कानुनी दस्तावेजमा फेरबदल गरिने जस्ता कार्यले सिंगो राज्यप्रणाली प्रति जनताको भरोसा घट्नुका साथै लोकतान्त्रिक संस्थाहरूको विश्वसनीयतामा गम्भीर प्रभाव परिरहेकाले सरकार यो विषयमा सचेत हुनुपर्ने महासचिव राईले बताए ।

यस्ता घटनाले जनतामा नैराश्यता र मुलुकको अन्तर्राष्ट्रिय छवि पनि दिनानु दिन गिर्दै जाने कुराप्रति राजनीतिक दलहरू समेत सचेत हुनुपर्ने राईको भनाइ छ । 'कानुनी राज्यमा कुनै पनि ओहोदाको व्यक्तिले राजीनामा दिएर मात्र भ्रष्टाचारको आरोपबाट उन्मुक्ति पाउनु हुँदैन', उनले भने, 'हाम्रो स्पष्ट धारणा छ । दोषी जो-कोही भए पनि उनीहरुको राजनीतिक हैसियत, पहुँच वा पदको प्रभावका आधारमा उन्मुक्ति दिने वा ढाकछोप गर्ने प्रवृत्ति पूर्णरूपमा अस्वीकार्य छ ।'

त्यसैले सरकार र सम्बन्धित निकायहरूले उच्चस्तरीय छानबिन गर्दै छानबिनमा निष्पक्षता, पारदर्शिता र तीव्रता कायम राख्दै दोषी उपर कडा कारबाही गर्न माग गरिएको उनले बताए ।

देशमा व्याप्त आर्थिक असमानता, बेरोजगारी र श्रमिकहरूको जीवनस्तरमा देखिएका चुनौतीहरूको समाधानको सन्दर्भमा भ्रष्टाचारजस्ता कार्यहरूले अझ संकट उत्पन्न गराउने नेपाल ट्रेड युनियन कांग्रेसको निष्कर्ष रहेको छ । सुशासनको अभ्यास सुनिश्चित नगरी कुनै पनि राजनैतिक, सामाजिक वा आर्थिक रूपान्तरण सम्भव नहुने भन्दै ट्रेड युनियन कांग्रेसले सम्पूर्ण श्रमिक वर्गको तर्फबाट भ्रष्टाचारविरुद्धको अभियानमा र सुशासनका पक्षमा दृढताका साथ उभिने प्रतिबद्धता व्यक्त गरेको छ । सुशासनका खातिर पूर्णरुपमा मन्त्रिपरिषद्का सदस्यहरुले सम्पत्ति विवरण समयमै सार्वजनिक गर्नुपर्ने भन्दै महासचिव राईले भनेका छन्, 'सुशासनको कुरा बोलिने मात्र होइन, जनताले अनुभूति गर्ने र वितृष्णालाई चिर्नेगरी सरकारले काम गरेर देखाउनुपर्दछ । यसमा राजनीतिक दलहरु सचेत हुनुपर्दछ', महासचिव राईले भने ।

### सवारी...

दर्ता भएको थियो । आर्थिक वर्ष २०८१/०८२ मा ५९ हजार २ सय ४ घटना दर्ता भएका छन् ।

महानिरीक्षक थापाकाअनुसार सुरक्षाका निम्ति प्रहरी जनशक्ति खटिएका छन् । तथापि, सवारी दुर्घटना बढ्दो छ ।

एक दिनमा नेपाल प्रहरीले २ सय २६ वटा सवारी गस्ती गर्ने गरेको छ । चेकिङ ६ सय ९, पैदल गस्ती १ हजार १ सय १० ठाउँमा हुँदै आएको छ । ग्रामिण गस्ती ७ सय १२ ठाउँमा हुन्छ । उनकाअनुसार २४ घण्टामा ३० हजार ३ सय ७४ जनशक्ति सुरक्षामा खटिने गरेका छन् ।

### एक...

५८ हजार ४ सय ७० वटा मुद्दा दर्ता भएको थियो । पछिल्लो वर्षको असार मसान्तसम्म ५९ हजार २ सय ४ घटना दर्ता भएको थियो । यो अघिल्लो वर्षको भन्दा झन्डै १.२४ प्रतिशतले बढी हो ।

### काठमाडौंकै...

कोशी प्रदेशमा सवारी दुर्घटना ज्यादा छन् । सबैभन्दा धेरै मुद्दा दर्ता काठमाडौं उपत्यकाकै रहेको तथ्याङ्कले देखाउँछ । एक आर्थिक वर्षमा देशभर भएको सवारी दुर्घटनासँग सम्बन्धित कूल ५९ हजार २०४ मुद्दामध्ये १६ हजार १७२ मुद्दा काठमाडौं उपत्यकाकै छन् । त्यसपछि मधेस प्रदेश र कोशी प्रदेशमा बढी छन् । कर्णाली प्रदेशमा कम छन् ।

### सवाल...

अभ्यासमा अंकुश लगाउने काम भएको छ । यसलाई चिर्न पार्टीका दोस्रो पुस्ताले आफूलाई राजनीतिक प्राणी भएको प्रमाणित गर्न ढिला गर्नु हुँदैन ।'

पूर्व महासचिव माधव नेपालको नेतृत्वमा र पछिल्लो पटक झलनाथ खनालको नेतृत्व रहँदासम्म पार्टीभित्र ओलीले एउटा बलियो गुट चलाउँदै आएका थिए । उनले त्यसबेला आन्तरिक लोकतान्त्रको अभ्यासदेखि नेतृत्वको आलोचनाको विषयलाई गम्भीरताकासाथ उठाउने गरेका थिए । तर अहिले एमालेमा त्यो सुविधा नभएको एमालेका एक पोलिट्ब्युरो सदस्यले बताए । यही पेरिफेरीमा रहेर पार्टीभित्र अहिले फरक फरक कोणबाट बहसहरू समेत भइरहेको उनको भनाई छ ।

पार्टी विधानमा भएको ७० वर्षको उमेर हद र २ कार्यकालको व्यवस्था हटाउने विषयमा पार्टी अध्यष ओली र बरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलबीच समेत चर्काचर्की भएको छ । पोखरेल गामी पार्टी नेतृत्वमा नयाँ व्यक्ति आउनुपर्ने पक्षमा छन् । तर, महासचिव शंकर पोखरेल ओलीलाई नै अध्यक्ष बनाएर आफू ओलीको दाहिना बन्ने योजनामा निरन्तर खटेका छन् ।

एमालेका स्थायी कमिटी सदस्य कर्णबहादुर थापाले पार्टीमा आजीवन पदमा बस्ने प्रवृत्ति र विधिविपरीत निर्णय गर्ने प्रयासको कडा आलोचना गरे । अध्यक्ष केपी शर्मा ओली आफैंले प्रस्तुत गरेको नीति र दस्तावेजलाई मिच्दै अघि बढ्न खोजेको थापाको आरोप छ ।

एमालेभित्र विधि र संस्थागत निर्णयहरूलाई कमजोर पार्ने प्रयासहरू भइरहेको भन्दै थापाले मध्यान्हसँग भने 'केपी ओलीले नै ७० वर्षे उमेर हद र दुई कार्यकालको सीमाको कुरा उठाएर वैज्ञानिक बनाएका थिए, तर अहिले आफैंले त्यसलाई मिच्ने काम गर्नु उचित होइन ।'

अहिले सचिवालय बैठकले हटाउने निर्णय गऱ्यो भनेर फैलाइएको कुरा गलत भएको थापाको जिकीर छ । शुक्रबार च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा बसेको पोलिट्व्यूरो बैठकमा थापाले भनेका थिए 'पार्टीको संगठनात्मक प्रस्तावको पृष्ठ २३, ३० र ३१ मा यो कुरा स्पष्ट रूपमा उल्लेख गरिएको छ । वडास्तरदेखि केन्द्रसम्म यही मापदण्ड लागू हुने भनिएको छ ।' भरतमोहन अधिकारी, अमृतकुमार बोहोरा, मोदनाथ प्रश्रित जस्ता वरिष्ठ नेताहरूमा उमेर हद लागू गरिसकिएको अवस्थामा त्यसलाई निरन्तरता दिनुपर्ने थापाको जोड छ ।

'नीतिमा भन्दा धेरै नेतृत्वमा टक्कर हुने भएकाले विधिको पालना जरुरी छ । विधि कार्यान्वयन हुँदा मनोमानी चल्दैन', उनले भने । थापाले महासचिव शंकर पोखरेलमाथि निर्णय नभएको विषयलाई अफवाहको रूपमा सार्वजनिक गरेको आरोप समेत लगाएका छन् । 'सचिवालयले निर्णय गरेको भए पोलिटब्युरोमा फेरि छलफल किन गर्नुपर्थ्यो ? यो पदको दुरुपयोग हो', महासचिव पोखरेलको अभिव्यक्तिप्रति उनले पार्टी बैठकमै कटाक्ष गरे ।

उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान संशोधनको प्रस्तावमा अध्यक्ष ओलीकै निर्देशन अनुसार उमेर हद र २ कार्यकाल हटाउने प्रस्ताव राखेको आरोप लागेको छ । यो विषयमा फरक मत राख्नेहरूलाई पार्टी बैठकमा अन्तिममा बोल्ने समय दिइएको थियो । शुक्रबार ७ जनाले मात्रै बोल्न पाएका थिए ।

पोलिट्व्यूरो बैठकमा सबैभन्दा अन्तिममा बोल्ने पालो पाएका स्थायी कमिटी सदस्य कर्ण थापाले पार्टी विधानमा भएको व्यवस्था र आन्तरिक लोकतान्त्रीकरणको विषयलाई जोडतोकासाथ उठाएपछि अध्यक्ष ओली र थापाबीच भनाभनको अवस्था बनेको थियो । बिहीबार भएको सचिवालय बैठकमा भएका निर्णयबारे पोलिट्व्यूरो बैठकमा जानकारी दिएर सुरू भएको पोलिटव्युरो बैठक समय नपुगेर शनिबारलाई सारिएको एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताए ।

### गत वर्ष...

बढेको बताएको छ । गत वर्ष श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेमध्ये ७ लाख ४४ हजार ८११ पुरुष र ९४ हजार ४५५ महिला रहेका छन् । पत्रकार सम्मेलनमा विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले गत वर्ष श्रम स्वीकृति लिएका ८ लाख ३९ हजार २६६ मध्ये नयाँ ६०.२८ प्रतिशत र पुन: श्रम स्वीकृति लिने ३९.७२ प्रतिशत रहेको जानकारी दिए । महानिर्देशक भट्टराईले विगत पाँच वर्षमा ३५ लाखभन्दा बढीले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएको बताए ।

विभागले विगत पाँच वर्षको प्रवृत्ति हेर्दा यूएई, कतार, साउदी अरेबिया, मलेसिया, कुवेत रोमानिया, जापान, बहराइन, कोरिया र क्रोएसिया नेपाली कामदारका मुख्य श्रम गन्तव्यका रूपमा देखा परेको पनि बताएको छ ।

विभागमा हाल एक हजार ७७५

म्यानपावर कम्पनी दर्ता रहेकोमा गत वर्ष ९३१ म्यानपावर कम्पनीले कामदार पठाएका छन् । उनीहरूले गत वर्ष ३४ हजार ४ सय ९७ महिला र ३ लाख २५ हजार १९९ पुरुष गरी ३ लाख ५९ हजार ६९६ जना कामदार वैदेशिक रोजगारीमा पठाएका छन् । बाँकी ४ लाख ८० हजार ५७० जना पुन: श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृतिमा गएका छन् ।

महानिर्देशक भट्टराईले वैदेशिक रोजगारमा जाने क्रममा भएको वृद्धिअनुसार श्रम स्वीकृति जारी गर्ने कार्यलाई प्रविधियुक्त 'डिजिटलाइज' गरी आवेदन दिएकै दिन श्रम स्वीकृति जारी गर्ने गरिएको बताए । उनले प्रविधिमा सुधार गरी विगत डेढ महिनादेखि भने आवेदन दिएको दुई मिनेटमा श्रम स्वीकृति प्रदान गरिएको दाबी गरे ।

परराष्ट्र मन्त्रालयअन्तर्गतका केही कूटनैतिक नियोगहरूले आफूखुशी प्रणाली प्रयोग गरेर मागपत्र प्रमाणीकरण गरी अपलोड गर्ने प्रवृत्तिलाई विभागले स्वीकार नगर्ने भन्दै महानिर्देशक भट्टराईले त्यस विषयमा परराष्ट्र मन्त्रालयसँग कुराकानी गरेर सबै प्रणालीलाई राष्ट्रिय परिचयपत्र कार्यालयसँग जोड्नुपर्ने बताए । उनले भने, 'वैदेशिक रोजगारीको सूचना व्यवस्थापन प्रणालीको स्तरोन्नतिका लागि प्राविधिक अध्ययन भइरहेको छ, यसबाट नै श्रम स्वीकृतिका काम हुनुपर्छ ।'

विभागले सेवा प्रवाहको गुणात्मक सुधार गर्न उच्चतमरूपमा प्रयास गरिरहेको भन्दै महानिर्देशक भट्टराईले नागरिक समाज तथा सञ्चार क्षेत्रबाट आउने सुझाव र आलोचनालाई रचनात्मकरूपमा लिइरहेको बताए । हाल विभागको अनुसन्धान तथा मुद्दा शाखामा करिब ३६ हजार उजुरी रहेको र तीमध्ये ९८ प्रतिशत उजुरी व्यक्तिगत रहेको बताए । उजुरीमाथि अनुसन्धान र अभियोजना गरी पीडितको रकम फिर्ता गरी सेवाग्राहीमैत्री बनाउने लक्ष्यअनुसार काम भइरहेको महानिर्देशक भट्टराईले बताए । वैदेशिक रोजगारीमा अहिलेसम्म व्यक्तिगत र संस्थागत विवाद समाधान गरी ७ करोड २० लाख बढी क्षतिपूर्ति भराइएको छ,' उनले भने ।

यस्तै वैदेशिक रोजगारीमा जानुअघि गरिने स्वास्थ्य परीक्षण र अभिमुखीकरणलाई थप प्रमाणिक गराउन अनुगमन प्रणालीमा डिजिटल प्रणालीको निर्माण गरी त्यसको विवरण वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा आबद्ध गरिएको बताए ।

गत असारसम्ममा भने २१२ म्यानपावर कम्पनीले संस्था नवीकरण गरेको जानकारी दिँदै महानिर्देशक भट्टराईले सय संख्या नपुग्ने ३२६ म्यानपावर कम्पनीको हाल प्रणालीमा कारोबार बन्द गरिएको जानकारी दिए ।

विभागले हाल १ हजार ७७५ म्यानपावर कम्पनी दर्ता रहेकोमा १ हजार ६९ म्यानपावर सक्रिय रहेको बताएको छ ।

### युरोपको...

उनले संघको वर्तमान कार्यसमिति व्यवसायीको हक हितमा लागिपरेको र कानुनी समस्या समाधानका लागि सरकारसँग निरन्तर लविङमासमेत रहेको बताए ।

गत वर्ष दर्ता भएर वैशाखमा नयाँ कार्यसमिति चयन गरेको संघले शुक्रबार झापाको बिर्तामोडमा स्थापना दिवस तथा साधारण सभा सम्पन्न गरेको छ ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, श्रम तथा रोजगार कार्यालय झापाका प्रमुख सुलभ श्रेष्ठ, संघका संस्थापक प्रथम उपाध्यक्ष अजयकुमार देव, संस्थापक सचिव सिपी पाठकलगायतले शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रममा संघका सल्लाहकार भानुप्रसाद शिवाकोटीसहित संस्थापकहरूलाई कदरपत्रले सम्मान गरिएको थियो ।

साधारण सभामा संघ झापाका अध्यक्ष धनबहादुर पन्धाकले संस्थाको प्रतिवेदन प्रस्तुत गर्दै संस्थाको आफ्नै भवन, स्वास्थ्य बीमा, व्यावसायिक कर्जा, व्यवसायी राहत कोषलगायतका कार्यक्रम सञ्चालन गर्ने योजना रहेको बताए ।

संघ झापाका प्रथम उपाध्यक्ष राजन सिलवालले स्वागत मन्तव्य राखेको कार्यक्रम सचिव निरकुमार खत्रीले सञ्चालन गरेका थिए ।

# दिक्तेलमा कोशी प्रदेशको पूर्वाधार विकास कार्यालय

**खोटाङ/मस–** दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१ दिक्तेल बजार स्थित हाटडाँडामा पूर्वाधार विकास कार्यालय स्थापना गरिएको छ ।

कोशी प्रदेश सरकारको मन्त्रिपरिषद्को बैठकले कोशी प्रदेशभित्र पर्ने १४ वटै जिल्लामा पूर्वाधार विकास कार्यालय स्थापना गर्ने निर्णय गरेअनुसार खोटाङको दिक्तेल बजारमा पूर्वाधार विकास कार्यालय स्थापना गरिएको हो ।

जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारस्थित हाटडाँडामा कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार मन्त्रालय पूर्वाधार विकास निर्देशनालयको मातहतमा रहनेगरी पूर्वाधार विकास कार्यालय स्थापना भएसँगै अब खोटाङवासीले योजनाको फाइल बोकेर उदयपुर, ओखलढुङ्गा, विराटनगरलगायत जिल्ला धाउनुपर्ने बाध्यता हटेको छ । भाडाको घरमा स्थापना गरिएको कार्यालय कोशी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास एवं स्वास्थ्यमन्त्री भूपेन्द्र राईले औपचारिक रूपमा उद्घाटन गरे ।

सो अवसरमा भौतिक पूर्वाधार एवं स्वास्थ्यमन्त्री राईले विकास निर्माणका कामलाई छिटो र गुणस्तरीय बनाउन कोशी




प्रदेशमा पर्ने १४ वटै जिल्लामा पूर्वाधार विकास कार्यालय स्थापना गर्ने निर्णय गरिएको बताए ।

'पूर्वाधार विकास कार्यालय नहुँदा जिल्लामा परेका योजनाका फाइल बोकेर उदयपुर, ओखलढुंगा, विराटनगरलगायत जिल्ला धाउनुपर्ने बाध्यता थियो । अब १४ वटै जिल्लामा योजना सम्झौतादेखि फरफारकसम्मका सबै काम हुन्छ', उनले भने, 'जिल्लाजिल्लामा पूर्वाधार विकास कार्यालय स्थापना भएसँगै निर्माण व्यवसायीलाई सहज हुनुका साथै विकासे योजनाका काम छिटो, गुणस्तरीय र जनमुखी हुने अपेक्षा गरिएको छ । यो संघीयताको उपलब्धि पनि हो ।' कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख सनबहादुर राई, जिल्लास्थित स्थानीय तहका प्रमुख तथा प्रतिनिधि, प्रमुख जिल्ला अधिकारी नरहरि घिमिरे, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि, सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधि, निर्माण व्यवसायीलगायतको उपस्थिति थियो ।

## भुलसुधार

मध्यान्ह राष्ट्रिय दैनिकको अंक १६६ मिति २०८२ साउन २ गते शुक्रबार वैदेशिक रोजगार विशेषमा प्रकाशित 'यी हुन् धेरै कामदार पठाउने टप २० म्यानपावर' शीर्षकको समाचारमा 'नील कमल ह्युमन रिसोर्स प्रा.लि. गत आर्थिक वर्ष धेरै कामदार पठाउने म्यानपावर कम्पनीको सूचीको शीर्ष स्थानमा रहेको छ । उक्त कम्पनीले ८ हजार ६७३ जना पठाएको छ ।' हुनुपर्ने र 'सूचीको दोस्रो स्थानमा प्याराडाइज इन्टरनेशनल प्रा.लि. रहेको छ । उक्त कम्पनीले ८ हजार ६०८ जना कामदार पठाएको छ ।' हुनुपर्नेमा अन्यथा भएकाले भुलसुधार गरिएको छ । यसबाट सम्बन्धित सबैमा पर्न गएको असुविधाप्रति क्षमा याचना गर्दछौं । -सं

मध्यान्ह
www.madhyanhadaily.com



# संविधानको सुरक्षाका लागि सरकारले काम गरिरहेको छ : गृहमन्त्री

**काठमाडौं/मस-** गृहमन्त्री रमेश लेखकले संविधानको सुरक्षाका लागि सरकारले काम गरिरहेको बताएका छन्।

राष्ट्रियसभा, संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको आजको शान्ति सुरक्षासम्बन्धी छलफलमा उनले संविधानको रक्षालाई सरकारले पहिलो प्राथमिकतामा राखेको बताए। सुरक्षामा तीन चुनौती रहेको उल्लेख गर्दै गृहमन्त्री लेखकले त्यसको सामनाका लागि मन्त्रालयले मातहतका निकायलाई समन्वयात्मक परिचालन गरिरहेको जानकारी गराए।

लागुऔषध, सडक दुर्घटना र आत्महत्याका विषय अहिलेको तीन सुरक्षा चुनौतीका रूपमा रहेको उनले बताए। लोकतन्त्र र विकासका लागि शान्ति, सुरक्षा आधारभूत विषय भएको गृहमन्त्री लेखकको भनाइ छ।

सीमा सुरक्षाका विषयमा सरोकार भएका निकायसहितको बैठक यसै महिनामा भारतसँग गर्नेगरी तयारी भएको पनि उनले बताए। यो बैठक समस्या



समाधानका लागि सहयोगी हुने आशा गरिएको उनको भनाइ छ।

प्रहरी अहिलेसम्म नियमावलीकै आधारमा चलिरहेकामा अब ऐन बनाउन लागिएको गृहमन्त्री लेखकले बताए। छाउपडी प्रथाका कारण हुने समस्या समाधानका लागि स्थानीय तहले नै पहल गर्नुपर्ने उनको भनाइ थियो। कानुनअनुसार चालु आर्थिक वर्षमा छुट्याइएको बजेटबाट प्रहरीका लागि आवश्यक हतियार खरिद गरिने जानकारी पनि उनले दिए।

सुरक्षाका लागि पूर्वाधार निर्माण र हतियार खरिद दुवै आवश्यक भएको मन्त्री लेखकले बताए। 'भिजिट भिसा'का सम्बन्धमा उच्चस्तरीय समितिले दिने सुझावका आधारमा नीतिगत सुधार गर्न सरकार तयार रहेको उनले बताए।

समिति सभापति सोनाम गेल्जेन शेर्पाले शान्ति सुरक्षाका विषयमा भएका विभिन्न समस्या समाधानका लागि सरोकार भएका सबै निकायलाई बोलाएर बैठक गरिएको जानकारी दिए।

बैठकमा सांसदहरू जगप्रसाद शर्मा, उदयबहादुर बोहरा, मोहम्मद खालिद, इन्दिरादेवी गौतम, दुर्गा गुरुङ, विष्णुकुमारी सापकोटा, नारायणदत्त मिश्र, राजेन्द्रलक्ष्मी गैह्रे, गोपीबहादुर सार्की, किरणबाबु श्रेष्ठ, शेखरकुमार सिंहलगायतले शान्ति, सुरक्षा एवं विपद्ले पारेका समस्याका बारेमा गृह प्रशासनको ध्यानाकर्षण गराए।

गृह मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीले कारागारमा उद्यम केन्द्र स्थापना गरी योग, ध्यान शिविरका साथै मनोपरामर्श पनि दिएर सत्मार्गमा लाग्ने वातावरण बनाइएको जानकारी गराए। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई व्यवस्थित गर्ने काम मन्त्रालयको मात्र नभएको उनले बताए।

नेपाल प्रहरीका महानिरीक्षक दीपक थापाले विसं २०७६ पछि प्रहरीको दरबन्दी थप नहुँदा काममा अप्ठ्यारो भएको जानकारी गराए। सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सीमा क्षेत्रको सुरक्षाका लागि सरोकार भएका निकायसँग समन्वय गरी काम गरिरहेको बताए।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टले गत साता रसुवामा भएको बाढी एवं त्यसबाट पुगेको क्षतिका बारेमा जानकारी गराए।

# सौर्य एयरलाइन्सको जहाज दुर्घटनाको प्रतिवेदन सार्वजनिक



काठमाडौं/मस-सौर्य एयरलाइन्सको दुर्घटनाग्रस्त ९ एन-एएमई-सीआरजे २०० कलसाई जहाजको जाँचबुझ गर्न गठिन दुर्घटना जाँच आयोगले आफ्नो अन्तिम प्रतिवेदन बुझाएको छ। शुक्रबार मन्त्रालयमा आयोजित एक कार्यक्रममा आयोगका अध्यक्ष रतिशचन्द्रलाल समुनले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेलाई समितिको अन्तिम प्रतिवेदन हस्तान्तरण गरेका हुन्।

प्रतिवेदन बुझ्दै मन्त्री पाण्डेले कुनै पनि मुलाहिजा नराखेर प्रतिवेदन आएको उल्लेख गर्दै यसलाई कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरे। आयोगले प्रतिवेदन पेस गरेलगत्तै मन्त्रालयले आफ्नो 'वेबसाइट'मार्फत प्रतिवेदन सार्वजनिक गरेको छ।

गत साउन ९ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मर्मतका लागि पोखराका लागि उडेको सौर्य एयरलाइन्सको जहाज धावनमार्ग नजिकै दुर्घटनाग्रस्त हुँदा जहाजमा सवार १८ जनाको मृत्यु भएको थियो। उक्त दुर्घटनामा पाइलट मनीष शाक्य भने बाँच्न सफल हुनुभएको थियो। जहाज दुर्घटना भएकै दिन सरकारले नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक रतिशचन्द्रलाल सुमन नेतृत्वमा जाँचबुझ आयोग गठनगरेको थियो।

# अपांग पुनर्स्थापना केन्द्रका बालबालिकासँग आकर्षण इन्टरनेशनलले मनायो २०औं वार्षिकोत्सव

**काठमाडौं/मस-** वैदेशिक रोजगार क्षेत्रमा विगत २० वर्षदेखि क्रियाशील आकर्षण इन्टरनेशनल प्रा.लि.ले आफ्नो २०औं वार्षिकोत्सव सामाजिक उत्तरदायित्वसँग जोड्दै अपांग पुनर्स्थापना केन्द्रका बालबालिकासँग मनाएको छ।



कम्पनीले वार्षिकोत्सवको अवसर पारेर बिहीबार गोकर्णेश्वरस्थित अपांग पुनर्स्थापना केन्द्रमा पुगेर आश्रित बालबालिकालाई खाद्यान्न र शैक्षिक सामग्री हस्तान्तरण गरेको छ। संस्थाले यसै माध्यमबाट सामाजिक उत्तरदायित्वप्रति आफ्नो प्रतिबद्धता पुनः व्यक्त गरेको छ।

काठमाडौं महानगरपालिका-९, शम्भुमार्गमा रहेको यस कम्पनीले न्यायोचित भर्ना प्रक्रिया अवलम्बन गर्दै आएको छ। कम्पनीले श्रमिकलाई निःशुल्क र पारदर्शी प्रक्रियामार्फत वैदेशिक रोजगारमा पठाउने सिद्धान्तमा आधारित रही 'रोजगादाताले तिर्ने' मोडलअनुसार सेवा प्रदान गर्दै आएको कम्पनीका अध्यक्ष विष्णुबहादुर केसीले मध्यान्हलाई जानकारी दिए।

कम्पनीले मलेसियालगायतका विभिन्न गन्तव्य मुलुकहरूमा अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ), आरबीए र ओटीएल जस्ता संस्थाको मापदण्ड अनुरूप सञ्चालनमा रहेका रोजगारदाता कम्पनीहरूमार्फत मात्र नेपाली कामदार पठाउँदै आएको जनाएको छ। मापदण्डको प्रभावकारी कार्यान्वयनका आधारमा ओटीएलले आकर्षण इन्टरनेशनललाई आधिकारिक रूपमा प्रमाणित पनि गरिसकेको छ।

यसैबीच, कम्पनीले आफ्नो आन्तरिक कार्यप्रणालीलाई डिजिटल प्रणालीमा रूपान्तरण गर्दै व्यावसायिक स्रोत व्यवस्थापन प्रणाली लागू गरेको जानकारी पनि गराएको छ। प्रणाली लागू भएसँगै रोजगारदाता र श्रमिक दुवै पक्षले सहज, पारदर्शी र परिणाममुखी सेवा पाउने अपेक्षा गरिएको अध्यक्ष केसीले बताए।

# सरकारवादी मुद्दामा महान्यायाधिवक्ताको कार्यालयलाई ६८ प्रतिशत सफलता

**काठमाडौं/मस-**महान्यायाधिवक्ताको कार्यालयले सरकारवादी मुद्दामा ६८ प्रतिशत सफलता प्राप्त गरेको जनाएको छ।

शुक्रबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गर्दै महान्यायाधिवक्ता रमेश बडालले २०८१ सालमा सरकारवादी मुद्दामा ६८ प्रतिशत सफलता प्राप्त भएको जानकारी दिए।

उनका अनुसार हालसम्म ३ हजार ३ सय ७० वटा मुद्दा फाइलको अध्ययनपछि २ हजार ७ सय ९० वटामा मुद्दामा कार्यालयले पुनरावेदन नगर्ने निर्णय गरेको छ। उनले प्राप्त मुद्दाहरुमध्ये ४८६ वटा सर्वोच्च अदालतमा र ९५ वटा मुद्दा उच्च अदालतमा पुनरावेदन गर्ने गर्ने निर्णय गरेको बताए।

मुद्दा चलाउने वा नचलाउनेबारे गरिएको प्रारम्भिक निर्णयमा ३६८ मुद्दामध्ये ३४० वटामा मुद्दा नचलाउने निर्णय गरिएको बताए। उनले अघिल्लो कार्यकालको तुलनामा पुनरावेदनसम्बन्धी फाइल संख्या घटेको बताए।

उनले नायब र सह-न्यायाधिवक्तालाई



निर्णयको अधिकार प्रत्यायोजन गरिएकाले फाइलको संख्या स्वाभाविक रूपमा कम भएको बताए।

उनले भने,'३ हजार ३ सय ७० वटा फाइलमा पुनरावेदन गर्ने वा नगर्ने भन्ने विषयमा मैले हस्ताक्षर गरेको छु। त्यसमध्ये २ हजार ७ सय ९० वटामा पुनरावेदन नगर्ने भनी निर्णय भएको छ। ४८६ वटा सर्वोच्च अदालतमा र ९५ वटा उच्च अदालतमा पुनरावेदन गर्नेगरी फर्काइएको रहेछ। मुद्दा चलाउने कि नचलाउने भनेर हेर्ने हो भने ३६८ वटा मुद्दामध्ये ३४० वटा मुद्दा नचल्ने निर्णय भएको छ। किनभने मुद्दा चल्ने हो भने त तलबाटै चलिसकेको हुन्छ। त्यसमध्ये १० वटा मुद्दा चलाउने भनेर हामीले तल फर्कायौं। बाँकी मुद्दाहरुमा थप अनुसन्धान र आवश्यकताअनुसार फर्काएका छौं। यसअधिका महान्यायाधिवक्ताको कार्यकालमा यो संख्या यसभन्दा दोब्बर भएको हुनसक्छ भन्ने मेरो अनुमान छ। किनभने म आइसकेपछि कतिपय अधिकारहरु तल नायब महान्यायाधिवक्तालाई प्रत्योजन गरिएको थियो।'

सहन्यायाधिवक्तालाई समेत अधिकार प्रत्योजन गरिएको कारणले गर्दा फाइल संख्या गत वर्षभन्दा घटेको छ भन्ने उनले अनुमान गरे। गत वर्ष हामीले अभियोजन गरेको सरकारवादी मुद्दामध्ये ६८ प्रतिशत सफलता हासिल गरेको देखिन्छ।

उनले भने, 'त्यो सफलता भन्नुको मतलब के हो भने हामीले सवारी ज्यान मुद्दामा कुनैपनि सजाय भएमा हामीले त्यसलाई सफलता रुपमा लियौं। यो वर्ष यस्तो संख्या बढेको मेरो विश्वास छ।'

फौजदारी न्याय प्रणालीलाई र सुधारका लागि आफू प्रतिवद्ध रहेको उनले बताए। शुक्रबार नै महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ता टेकबहादुर घिमिरेको विदाइ समेत गरिएको छ। घिमिरे अनिवार्य अवकाशमा जान लाग्नुभएको कारण विदाइ गरिएको हो।

# गोदामबाटै ठूलो मात्रामा लागुऔषध बरामद

**झापा/मस-**प्रहरीले झापाको मुख्य व्यापारिक केन्द्र विर्तामोडको एउटा औषधि गोदामबाट एक लाख क्याप्सुलसहित ठूलो मात्रामा भण्डारण गरिएको लागू औषध र प्रतिबन्धित औषधि बरामद गरेको छ।

इलाका प्रहरी कार्यालय विर्तामोडका प्रहरी नायब उपरीक्षक विजय श्रेष्ठले विर्तामोड नगरपालिका-५ स्थित मनकुमार संग्रौलाको दुईतले घरको भुइँतलामा दुई कोठा भाडामा लिएर लागुऔषध र प्रतिबन्धित औषधि भण्डारण गरेको पाइएको शुक्रबार पत्रकार सम्मेलनमार्फत बताए।

उनका अनुसार बरामद भएका लागुऔषध तथा प्रतिबन्धित औषधिहरूमा ट्रामाडोल हाइड्रोक्लोराइड क्याप्सुल एक लाख तीन हजार ८०० थान, ट्रामाडोल हाइड्रोक्लोराइड इन्जेक्सन एक हजार ८७० थान, ट्रामाडोल एन्ड एसिटामिनोफेन ट्याब्लेट चार हजार ५० थान, डाइक्लोमाइन एचसिएल ट्याब्लेट ९७ हजार ७०० थान, जेनेग्रा एमटी रेड ट्याब्लेट आठ हजार ९०० थान र टर्मिपिल किट्स सात हजार ६५० रहेका छन्।

प्रहरीले बराम सामग्रीसँगै पक्राउ परेका एकजना अभियुक्तलाई पत्रकार सम्मेलनमा सार्वजनिक गरेको छ। अर्जुनधारा नगरपालिका-६ निवासी २५ वर्षीय विनोद घिमिरेलाई नियन्त्रणमा लिइएको प्रहरी नायब उपरीक्षक श्रेष्ठले बताए।

'प्रहरी टोलीले सूचना पाएको आधारमा भाडाको कोठामा पुगेर हेर्दा ठूलो मात्रामा लागुऔषध र प्रतिबन्धित औषधि फेला पारेको हो', उनले भने, 'नियन्त्रणमा लिइएका व्यक्तिलाई भण्डारण,




ओसारपसार र वितरण कसुरमा मुद्दा दर्ता गरी कारबाहीको प्रक्रिया अघि बढाइएको छ।'

प्रहरीले एउटा मोटरसाइकल र दुई थान मोबाइलसमेत बरामद गरेर नियन्त्रणमा लिएको जनाएको छ। बरामद भएका प्रतिबन्धित औषधिको कारबाहीका लागि औषधि व्यवस्था विभागसँग समन्वय भइरहेको र विभागले नै थप कानुनी कारबाही अघि बढाउने श्रेष्ठले बताए। यस आपराधिक घटनामा अरू को-को संलग्न रहेका छन् भन्ने विषयमा अनुसन्धान जारी रहेको उल्लेख गर्दै उनले दोषीमाथि कानुनी कारबाहीमा कुनै कसर बाँकी नराखिने बताए।

स्थानीयले लागुऔषध र प्रतिबन्धित औषधि भण्डारण गरिएको कोठा विनोद घिमिरे र भानुभक्त खरेलको रहेको बताएका छन्। खरेलले विर्तामोडमा सनलाइट फर्मा नामक औषधि पसल सञ्चालन गर्दै आएका छन्। अभियुक्तहरूले विर्तामोडको गोदाममा भण्डारण गरिएका ती सामान पहाडी जिल्ला इलाम, पाँचथर, ताप्लेजुङ र तेह्रथुमसम्म आपूर्ति गर्दै आएको अनुमान गरिएको छ।

# हेटौंडा सिमेन्ट उद्योगको समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता



**काठमाडौं/मस-**नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' हेटौँडा सिमेन्ट उद्योगका समस्या समाधान गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा हेटौँडा सिमेन्ट उद्योग लिमिटेडमा सक्रिय संयुक्त ट्रेड युनियनका प्रतिनिधिको ध्यानाकर्षण पत्र बुझ्दै उनले उद्योगका समस्या समाधानका लागि आफ्नो तर्फबाट सक्दो प्रयास गर्ने बताए।

अध्यक्ष दाहालले आफू सरकारको नेतृत्वमा रहेका बेला घाटामा गएका र रुग्ण उद्योग सञ्चालनमा ल्याउन पटकपटक छलफल गरेको स्मरण गर्दै हेटौँडा सिमेन्ट उद्योगमा देखिएका समस्या समाधान गर्न र ट्रेड युनियनका माग सम्बोधन गर्न प्रतिपक्षी दलको नेताको हैसियतले आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरे।

उनले सरकारी उद्योग, कलकारखानाको पुनःसंरचना र सुधारका निम्ति माओवादी केन्द्रले चासो र पहल लिँदै आएको भन्दै श्रमिक वर्ग र देशको हितमा हुने काममा आफू सधैँ साथमा रहने विश्वास दिलाए।

ध्यानाकर्षण पत्रमा उद्योग सञ्चालनमा लापरबाही भएको, कर्मचारीका माग बेवास्ता गरिएको र उपभोक्ताको हितविपरीत क्रियाकलाप भइरहेकाले यस्ता गतिविधि रोक्न तथा उद्योगका समस्या समाधानका लागि पहल गरिदिन आग्रह गरिएको छ।

टोलीमा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवं मकवानपुर जिल्ला इञ्चार्ज विजय गौतमलगायत ट्रेड यनियनका नेताहरू सहभागी थिए।

# बाँकेमा बढ्यो सम्बन्ध विच्छेदका मुद्दा

**नेपालगञ्ज/मस-**उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलासमा सम्बन्ध विच्छेदका मुद्दा बढ्दै जान थालेका छन्।

घरायसी कलह, खान तथा लगाउन नदिएको, मानसिक तनाव दिएको लगायतका कारण पति वा पत्नीले अदालतसमक्ष सम्बन्ध विच्छेदको मुद्दा दर्ता गर्ने क्रम बढेको उच्च अदालत नेपालगञ्ज इजलासका अधिकृत बलबहादुर विष्टले जानकारी दिए।

उनका छिटफुट रूपमा पतिले सम्बन्ध विच्छेदका लागि मुद्दा दर्ता गर्ने गरेको उल्लेख गर्दै त्यस्ता कम मुद्दामा मात्रै सम्बन्ध विच्छेदको फैसला हुने गरेको बताए। 'श्रीमान् (पुरुष)ले पनि म पीडित भए भनेर मुद्दा दर्ता गर्नुभएको हुन्छ, तर सम्बन्ध विच्छेद कम भएको हुन्छ', उनले भने।

आर्थिक वर्ष २०८१/८२ मा सम्बन्ध विच्छेदका ६१ मुद्दा दर्ता भएकामा ५० मुद्दा फछ्र्यौट भएका छन्भने ११ मुद्दा बाँकी रहेका छन्। आर्थिक वर्ष २०८०/८१ मा सम्बन्ध विच्छेदसम्बन्धी ५९ मुद्दा दर्ता भएकामा ४० मुद्दा फछ्र्यौट भएको र १९ मुद्दा बाँकी रहेको उच्च अदालतले जनाएको छ। दर्ता भएका सम्बन्ध विच्छेदका मुद्दा बाँके जिल्लाका हुन्।



यसबाहेक जबरजस्ती करणी १८८ मुद्दा दर्ता भएकामा १४८ मुद्दा फछ्र्यौट भएका छन् र त्यसमा ४० मुद्दा बाँकी छन्। लागू औषधतर्फ १८८ मुद्दा दर्ता भएकामा १५१ फछ्र्यौट भएका र ३७ मुद्दा बाँकी रहेका छन्।

मानव बेचबिखन तथा ओसारपसारका २९ मुद्दा दर्ता भएकामा २८ फछ्र्यौट भएको छभने एक मुद्दा बाँकी रहेको छ। ज्यानसम्बन्धी कसुरका १९२ मुद्दामा १५५ फछ्र्यौट भएका छन्भने ३७ बाँकी रहेका छन्।

अन्यतर्फ एक हजार ४७८ मुद्दा दर्ता भएकामा एक हजार ६३ मुद्दा दर्ता भएका छन्। रिट र निषेधाज्ञाका ५१० मुद्दा दर्ता भएकामा ४०९ फछ्र्यौट भएको र १०१ बाँकी रहेका छन्। यी सबै कुल मिलाएर दुई हजार ६४६ मुद्दा दर्ता भएकामा दुई हजार चार मुद्दा फछ्र्यौट भएका छन्भने ६४२ मुद्दा बाँकी रहेको अदालतले जनाएको छ।

वार्षिक मुद्दा फछ्र्यौट लक्ष्य एक हजार ६३७ थान रहेकामा कुल दुई हजार चार मुद्दा अर्थात् ३६७ थान मुद्दा बढी फछ्र्यौट भएको उच्च अदालत इजलासका मुख्य न्यायाधीश चन्द्रबहादुर सारुले जानकारी दिए।

कतिपय मुद्दा २० दिनमा पनि फछ्र्यौट गरिएको जानकारी दिँदै उनले मुद्दा सुनुवाइ प्रक्रियालाई गोलाप्रथाबाट गरिएको बताए। एक वर्ष नाघेका मुद्दा शून्यमा झार्न सफल भएको मुख्य न्यायाधीस सारुको भनाइ छ।

# मातृशिशु मृत्युदर घटाउन गर्भवतीलाई पोषण

तनहुँ/मस-जिल्लाको व्यास नगरपालिकाले नवजात शिशु र आमाको स्वास्थ्य स्याहार र सुरक्षाका लागि गत आर्थिक वर्षमा २४३ जना गर्भवतीलाई पोषण रकम प्रदान गरेको छ।

गर्भवती पोषण कार्यक्रम (महिलासँग उप-प्रमुख ) अन्तर्गत जनही रु पाँच हजारका दरले २४३ लाई रु १२ लाख २५ हजार रकम वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिए।

गर्भवतीलाई पोषण प्रोत्साहन रकम प्रदान गरी कुपोषण हुनबाट बचाउने, नियमित गर्भ जाँच गराउने र असुरक्षित सुत्केरीलाई निरुत्साहित गर्ने उद्देश्यले रकमको व्यवस्था गरिएको उनले बताए। आर्थिक रूपमा कमजोर महिलालाई उक्त रकम प्रदान गरिएको हो।

नगरपालिका क्षेत्रका सरकारी स्वास्थ्य संस्थाबाट कम्तीमा तीन पटक (४, ६ र ८ महिना) स्वास्थ्य गरेको गर्भवतीलाई आठ महिनापछि रु पाँच हजार प्रदान गर्ने कानुनी व्यवस्था छ।

यसैबीच, पालिकाले ५६ जनालाई अपाङ्गता र १२४ लाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको जनाएको छ।

साहित्य क्षेत्रबारे विवेचना

# किन घट्दैछ पुस्तकप्रतिको रुचि ?

**पछिल्लो समय नेपाली साहित्य बजारमैत्री बन्न थालेको छ । 'बेस्ट सेलर' भन्ने नाराले गहिरो साहित्यभन्दा पपुलर र प्रयोगात्मक शैलीका किताबहरूको प्रचार बढेको छ । प्रेमकथा, थ्रिलर, आत्मकथा, मोटिभेसनल शैलीका पुस्तकहरूको बाढी चलेको छ, तर साहित्यको गाम्भीर्य, सौन्दर्य र कलात्मक गहिराइ घटेको छ...**



■ जनक बराल

साहित्य समाजको आत्मा हो । हरेक राष्ट्र, संस्कृति र समुदायको आफ्नै विशिष्ट साहित्यिक पहिचान हुन्छ, जसले त्यस समाजको सोच, संवेदना, संघर्ष र सपनाहरूलाई शब्दमा उतार्छ । नेपालजस्तो विविधताले भरिएको देशमा पनि साहित्यको इतिहास गौरवपूर्ण रहँदै आएको छ । तर, पछिल्लो समय एक गम्भीर प्रश्न उठ्न थालेको छ- किन घट्दैछ पाठकमा साहित्यिक पुस्तकप्रति रुचि ?

विगतमा प्रेम, देशप्रेम, समाज सुधार, संघर्ष र चेतनाका सन्देश बोकेका पुस्तकहरूले युवामाझ क्रान्तिकारी चेतना भर्ने काम गर्थे । 'शिरिषको फूल', 'सुम्निमा', 'साया', 'फरार', 'फूलको आँखामा', 'सेतो धरती', 'गुलाफको काँडाबीच', 'कर्णाली ब्लुज' जस्ता कृतिहरूको चर्चा मात्र हैन, पाठकका मनमा गहिरो छाप पनि परेको थियो । तर, आज त्यही पाठक वर्ग खासगरी युवापुस्ताको साहित्यप्रतिको आकर्षण घट्दो क्रममा देखिन्छ ।

साहित्यिक पुस्तकप्रतिको रुचि घट्नुको प्रमुख कारणमध्ये एक हो– प्रविधिको चमत्कारी विकास । स्मार्टफोन, इन्टरनेट र सामाजिक सञ्जालको व्यापक पहुँचसँगै मानिसको ध्यान आर्कषित गर्ने माध्यमहरू असंख्य छन् । यूट्युब, टिकटक, इन्स्टा, फेसबुक जस्ता प्लेटफर्महरूले छोटो समयमा मनोरञ्जन दिने, ट्रेन्डिङ सामग्री प्रस्तुत गर्ने क्षमताका कारण मानिसहरूलाई गहिरो पढाइतिर आकर्षित गर्न सकिरहेका छैनन् ।

अर्को महत्वपूर्ण पक्ष, 'ई-बुक' र अडियोबुकको वर्चस्व हो । आजको पुस्ताले हातमा किताबको गन्ध सुन्नेभन्दा बढी मोबाइलमा 'स्क्रोल' गर्न रुचाउँछ । विभिन्न अनलाइन प्लेटफर्महरूले भौतिक पुस्तकको ठाउँ लिन थालेका छन् । तर, यस्ता माध्यमहरूमा नेपाली साहित्यिक सामग्रीको उपस्थिति कमजोर छ, जसले पाठक र नेपाली साहित्य बीचको दूरी बढाइरहेको छ ।

नेपालको औपचारिक शिक्षा प्रणालीमा साहित्यप्रतिको सही सम्मान र प्रस्तुति नहुनु पनि रुचि घट्नुको एक कारण हो । पाठ्यक्रममा साहित्यिक कृति समावेश गरिए पनि त्यसलाई 'पढ्नुपर्ने विषय' मात्रै मानिन्छ, अनुभव गर्नुपर्ने साहित्य होइन । शिक्षकहरूको पनि रुचिकर शैलीमा साहित्य पढाउने झुकाव न्यून देखिन्छ । यसले विद्यार्थीहरूमा प्रारम्भिक चरणमै साहित्यप्रतिको उत्साह घटाउँछ । साहित्यिक बहस, पुस्तक समीक्षा, लेखक-पाठक अन्तर्क्रिया जस्ता गतिविधिहरू शिक्षालयहरूमा गरिनु पर्नेमा यसको थालनी अझै पनि सिमित रूपमा मात्र भइरहेको छ ।

पछिल्लो समय नेपाली साहित्य बजारमैत्री बन्न थालेको छ । 'बेस्ट सेलर' भन्ने नाराले गहिरो साहित्यभन्दा पपुलर र प्रयोगात्मक शैलीका किताबहरूको प्रचार बढेको छ । प्रेमकथा, थ्रिलर, आत्मकथा, मोटिभेसनल शैलीका पुस्तकहरूको बाढी चलेको छ, तर साहित्यको गाम्भीर्य, सौन्दर्य र कलात्मक गहिराइ घटेको छ ।

साहित्यलाई 'ब्रान्डिङ' गरिने माध्यम बनाउने दौडले पाठकहरूलाई द्विविधामा पारेको छ–उनीहरू साहित्यिक गहिराइ खोज्ने कि 'टिकटक शैली'का छोटा र सजिला कथा ? जसका कारण गम्भीर साहित्यप्रेमीको संख्यामा कमी आएको देखिन्छ ।




*पाठकमा साहित्यिक पुस्तकप्रति घट्दो रुचि कुनै संयोग होइन, यो सामाजिक, प्रविधिक, शैक्षिक र साहित्यिक विविध कारकको परिणाम हो । यथार्थको सही मूल्यांकन गर्दै अबको पुस्तालाई किताबप्रेमी बनाउने, गहिरो चिन्तन गराउने र सिर्जनशीलता विकास गर्ने वातावरण तयार गर्नुपर्ने बेला आएको छ...*

सामाजिक दृष्टिकोणले हेर्दा पनि पढ्ने संस्कार दिनप्रतिदिन घट्दो क्रममा छ । साझा पुस्तकालय, राष्ट्रिय पुस्तकालय, स्कुल तथा क्याम्पस पुस्तकालयहरू पुरानै अवस्थाका छन्, तिनीहरूको नविकरण, डिजिटाइजेसन वा प्रवर्द्धन हुन सकेको छैन । ग्रामीण भेग त झनै पुस्तकविहीन छन् । शहरका पुस्तक पसलमा उपन्यास र आत्मकथाले भरिएका छन्, कविता, निबन्ध, समालोचना, बाल साहित्य, लोककथा जस्ता विधाहरू ओझेलमा छन् ।

बालबालिका र किशोरावस्थादेखि नै पढ्ने बानी नबसालिने हो भने प्रौढ अवस्थामा पुगेर साहित्यप्रति रुचि बढ्ने सम्भावना न्यून रहन्छ । हामीकहाँ शिक्षाले ज्ञानका लागि होइन, जागिरका लागि मात्र पढ्ने सोच विकास गरिदिएको छ, जसले साहित्यलाई द्वितीय विकल्पमा धकेलेको छ ।

नयाँ पुस्ताका लेखकहरूले समाजका भोगाइ, संघर्ष, जातीय विभेद, लैङ्गिक असमानता, वैदेशिक रोजगारी, मानसिक स्वास्थ्यजस्ता समकालीन विषय उठाएका छन् । तर, पुरानो पुस्ताले अझै पनि साहित्यको मूल्यांकन परम्परागत फ्रेममा गर्छन् । यसले नयाँ र पुराना पुस्ताबीच दूरी बढाएको छ ।

विगतका प्रतिष्ठित लेखकहरूको छायामा रहेका नयाँ लेखकहरू आफैंलाई स्थापित गर्न कठिनाइ महसुस गर्छन्, जसले तिनको लेखनमा निराशा वा आत्मकेन्द्रितता झल्किएको पाइन्छ । यसले पनि पाठकमा द्विविधा पैदा गर्छ– कसको लेखाइ पढ्ने ? कसको लेखन साँचो साहित्य हो ?

आजकल साहित्यकार बन्ने चाहना धेरैले गर्छन्, तर साहित्यकार बन्न गहिरो अध्ययन, दृष्टिकोण, संवेदना र समय चाहिन्छ । धेरै लेखकले किताबलाई आफ्नो छवि निर्माणको उपकरणका रूपमा प्रयोग गर्न थालेका छन् । पुस्तक विमोचन कार्यक्रमहरूमा सेलिब्रेटी देखाएर प्रचार गर्ने चलनले पनि साहित्यको मौलिकता घटाइरहेको छ ।

पाठकहरूलाई 'सस्तो मनोरञ्जन' दिने पुस्तकहरूले बजार त पाउँछन्, तर साहित्यिक मूल्य घटाउँछन् । परिणामतः गम्भीर पाठक निराश भएर विमुख हुन थालेका छन् । लेखनद्वारा उदाएका लेखकहरू, बुद्धिसागर (कर्णाली ब्लुज), अमर न्यौपाने (सेतो धरती), नयनराज पाण्डे (उलार), खगेन्द्र संग्रौला, पारिजात जस्ता लेखकहरूले आफ्नो समयको चित्रण गरेका उत्कृष्ट कृतिहरू दिए ।

तर पछिल्लो दशकमा 'साया', 'प्रिय सुस्मिता', 'फरार', 'बीसौं शताब्दीको प्रेम', 'गोपी' जस्ता किताबहरूले बजार जिते पनि आलोचनात्मक समीक्षा कम पाएका छन् । बाल साहित्यः इन्द्रबहादुर राई, मनु ब्राजाकी हालका केही लेखकहरू बालबालिकाका लागि लेखिरहेका छन्, तर यस्तो साहित्यको बजार साँघुरो छ, जसले भविष्यका पाठक तयार गर्न सकिरहेको छैन ।

केवल पाठ्यपुस्तकका रूपमा होइन, साहित्यलाई अनुभूति गराउने माध्यमको रूपमा प्रस्तुत गर्नुपर्नेछ । गाउँ-सहरमा पुस्तकालयको सञ्जाल विस्तार गरी पाठकलाई सहज पहुँच उपलब्ध गराउनु जरुरी छ । नेपाली साहित्यलाई अडियोबुक, ई-बुक र डिजिटल पोर्टलहरूमा सशक्त रूपमा प्रविष्ट गराउनुपर्नेछ । पुस्तक मेला, साहित्यिक गोष्ठी र लेखक-पाठक संवाद जस्ता कार्यक्रमहरूले नयाँ पाठकको उत्साह बढाउन सक्छन् । साहित्यिक लेखन, प्रकाशन, पुस्तक वितरणका लागि अनुदान, पुरस्कार र अवसरको सिर्जना गरिनु आवश्यक छ ।

निष्कर्षमा, पाठकमा साहित्यिक पुस्तकप्रति घट्दो रुचि कुनै संयोग होइन, यो सामाजिक, प्रविधिक, शैक्षिक र साहित्यिक विविध कारकको परिणाम हो । यथार्थको सही मूल्यांकन गर्दै अबको पुस्तालाई किताबप्रेमी बनाउने, गहिरो चिन्तन गराउने र सिर्जनशीलता विकास गर्ने वातावरण तयार गर्नुपर्ने बेला आएको छ ।

नत्र, साहित्य केवल पुरस्कार र प्रचारका लागि लेखिने वस्तु बन्नेछ, जुन समाजको आत्मा होइन, केवल व्यापारिक वस्तु मात्र हुनेछ । यसप्रति सशक्त चेतना आवश्यक छ– लेखक, पाठक, शिक्षक, राज्य, प्रकाशक सबैबाट । साहित्यको मृत्यु भनेको संवेदनाको मृत्यु हो । संवेदना मरेपछि समाज निष्क्रिय र असंवेदनशील हुन्छ, जुन कुनै पनि राष्ट्रका लागि शुभ संकेत होइन ।

लघुकथा

## कठै ! नेताको बिजोग



■ हेमराज अधिकारी

*"रिजाल गुरु ! मेरा बाबु कुन लोकमा जान्छन्, त्यो तिमी हामी कोहीले बुझेका छैनौं । कुरा राम्रो बुझ्नु । तिमीलाई दान दक्षिणा दिने म हो । त्यसै पनि घुँडा दुखेर पलैंटी कस्नु हुँदैन । मुखमा खैनी चेप्नु नपाएर बिजोग भएको छ । पाठ राख्छौ कि कसो ?", जेठो छोरो रिसिएर भन्यो । "हजुर ! यो मराउमा यस्ता कुरा गर्नुहुन्न सर", पण्डित बिनम्र बने...*

रिजालले पारी घरे अन्तरेको मराउमा गरुड पुराण भन्दै थिए । जीवात्माले प्राप्त गर्ने घोर नरक र उसका शुभ अशुभ कर्मको विवरण श्री गरुड पुराणमा उल्लेखित भएअनुसार पण्डितले फलाक्दै गए । जेठो छोरो प्रतिष्ठित नेता थियो । कान्छो खेतीपाती गर्ने सरल र सोझो थियो । जेठोले पण्डितको कानमा सुटुक्क भन्यो ।

"रिजाल गुरु ! मेरा बाबु कुन लोकमा जान्छन्, त्यो तिमी हामी कोहीले बुझेका छैनौं । कुरा राम्रो बुझ्नु । तिमीलाई दान दक्षिणा दिने म हो । त्यसै पनि घुँडा दुखेर पलैंटी कस्नु हुँदैन । मुखमा खैनी चेप्नु नपाएर बिजोग भएको छ । पाठ राख्छौ कि कसो ?"

"हजुर ! यो मराउमा यस्ता कुरा गर्नुहुन्न सर । शास्त्रले चुरोट खैनीलाई वर्जित गरेको छ । हाँस्नु, किचकरिनु र थुक्नु नजिकै गर्नु बेसन सुर्तीको । साक्षात् त्यो पशु हो छ, धन्य बिचरो मान्छे भयो मूर्तिको ।"

"ए पण्डित ! मर्यादा नाघ्ने कुरा गर्छौ ? छिटो पाठ राख् । मेरा जनता आउनेजानेलाई भेट्नु पर्छ । म शौचालय पुगेर आएँ ।"

जेठो खैनीको डिब्बा बोकेर शौचालय पस्यो । कान्छाले स्वेच्छाले पाठ सुन्दै पितृलाई स्मरण गरिरह्यो । जेठो उसको धर्म कर्ममा विश्वास कहीँ कतै थिएन । लोके कृतिको आधारमा समाजलाई देखाउन आडम्बर मात्र गर्दै थियो ।

बेलुकी सायंकालको कर्म सकेर नेताको गाली खाँदै रिजाल घर फर्के । नेतालाई जनता र सत्ताकै सुर्ता थियो । साँझैदेखि सुगर र प्रेसरको चापले नेता ओछ्यानमै साह्रै भए । अस्पताल नलगी नहुने भयो । अस्पतालमा पुऱ्याएर नेतालाई भर्ना गर्नुपऱ्यो । भोलिपल्टको काम कान्छाले एक्लै गऱ्यो । आउनेजानेले कुरा गर्न थाले ।

"होइन यो त महा पापी हो नि । बाबुलाई जिउँदो छउन्जेल एक आँखाले देख्नु सकेन । कहाँ राम्रो हुन्छ ? यो चैँ कलियुग हो । छ्याक्छ्याक्ति देख्नु पाइन्छ ।"

"ठिकै हो सम्धी ! सँगैमा कान्छालाई शान्ति छ । बिचरा बाबुलाई उसैले त स्याहारसुसार गऱ्यो । जेठो त जहिल्यै त्यसको जनता, राजनीति, आडम्बर ! उस्तै परे यो बाबुको काम नसकी जान्छ । मुलङ्खरे! आकाशबाट झरेको !"

अर्को बिचमा प्याच्चै बोल्यो ।

"मान्छेलाई परेको बेलामा जे सुकै भन्नु हुँदैन साथी हो ! उसलाई अहिले परेको छ । धेरै सोच्नुपर्छ !"

"के परेको छ ? यो मुलाले हाम्रो गाउँमा साह्रो गाह्रो पर्दा कसलाई के सहयोग गरेको छ ? कसको घरमा यो आएको छ ? पैसा र जनताको रगतपसिना चुस्नु पायो भने भयो यसलाई ! न बाबु न आमा । न इष्ट न मित्र ।"

आँगनको पल्लो छेउमा लौरो टेकेर थरर् कामिरहेको जेठाले आउने जानेको कुरा सुन्यो । नसुने झैँ भित्तो समाएर सुमुसुमु भित्र पस्यो । रिजाल पनि काम्दै भित्र पसे ।

कविता

## ईश्वर छन्



लक्ष्मण सिटौला

र त घाम लागेको छ
नदी बगिरहेछ
हावा चलिरहेछ
शरदमा जुन हाँसेको छ
फूलहरू फुलिरहेछन्
चराहरू निर्भय उडिरहेछन्
एउटा पहाडबाट भुरुरु उड्दै
अर्को पहाडी टापुमा बस्छन्
नदीबाट उठेको चिसो बतास
माथि माथि लेकसम्म बगेको हेर्दै छु म ॥

कहिले बताससँग हुत्तिएर
कहिले घामसँग पग्लिएर
कहिले जुनसँग चिस्सिएर
कहिले नदीसँग मिस्सिएर
कहिले जिन्दगीसँग थिचिएर
कहिले व्यथासँग किचिएर
कहिले आफैसँग सिद्धिएर
ल्याङ ल्याङ गर्दै छ जिन्दगी !
आफैसँग घरी घरी ठुस्किएर ॥

न समस्याले कहिले छोड्यो
न दुःखले कहिले माफी माग्यो
न वेदना कहिले झुक्यो
न कहिले तिमीले रिसाउन बिर्सियौ ?
न कहिले आँखा र आँसुबिच प्रीति छुट्यो
न म दुनियाँको अगाडि त्यस्तो असल नै बन्न सकेँ
न त मेरो शिर कसैसँग झुक्यो ॥

हार्दिन कसैसँग
बरु पहाडसँग बेस्सरी रुन्छु
बरु सक्काइदिन्छु जिन्दगी
बरु दौडिन्छु गुर्जे भन्ज्याङको डाँडाकाँडा
बरु उड्छु काली गण्डकीको भिरैभिर
बरु मुक्त हुन्छु मुक्तिनाथतिर गएर
बरु भत्काइदिन्छु आफ्नै भविष्य
बरु सल्काइदिन्छु श्वासको सुल्को
बरु निभ्दिन्छु आफैसँग

सत्य छ र त ईश्वर पनि छ
भक्तिने र बनिने प्रक्रिया निरन्तर हुन्
भेटिने छोडिने हो, जिन्दगीको अर्को नाम
आफै आरोही हुँ म आफ्नै जिन्दगीको
सपनाको मलामी जान्छन् हरेक रात इच्छाहरू
र त सधैँ हल्ला छ छातीमा
यतिबेला म पर छु कोलाहलदेखि
शून्य छु र यस्तो लागिरहेछ
वेदनाले खनिरहेछ मेरो छाती
र त ईश्वरले सुम्सुम्याइरहेछन् ॥

## हस्ताक्षर छैन बिक्रीमा !



रामकुमार कार्की

आमा म त अब हस्ताक्षर गर्दै गर्दिन
गरिबको न्यायलाई कहिल्यै मार्दै मार्दिन
गरिबलाई दुःखका आँसु झार्ने अब पार्दिन
त्यसैले आमा म हस्ताक्षर कतै गर्दै गर्दिन !

तिमीले लगाएको त्यो फाटेको पटुकी
बाले शिरमा लगाएको त्यो फाटेको टोपी
हिँडिरहेको छु यी कुरा मैले मनमा नै बोकी
दुःख बुझेको छु त्यसै सही गर्न मैले रोकी !

तिमीले आशीर्वाद दिँदा भन्थ्यौ बन्नु असल
तिनले खाए गरिबका भए जति सारा फसल
सम्झेर मेरो मुटु कमजोर भएको छैन आमा
त्यसैले पत्थर जस्तो कठोर बने छैन कमसल !

आमा म गरिबको विरुद्धमा सही गर्दै गर्दिन
गरिबका ती सपनाहरूलाई त मार्दै मार्दिन
चित्र गुप्ताले हिसाब किताब राखिरहेका छन्
म सचेत छु यमराजको तातो कराइमा पर्दिन !

यमदूतहरू तयारी छन् हतकडी लाउन सिक्रीमा
त्यसैले मेरो हस्ताक्षर आमा कतै नि छैन बिक्रीमा
अपराधी चोख्याउन तिमीले दुःख गरेर पढाको हैन
आमाबाबुको फाटेको धोती टोपी इमान छैन बिक्रीमा !

गरिबका पेटमा लात हानेर अचम्म कस्तो हो क्रान्ति
उपचार गर्ने पैसो नभर गरिब मरे मिल्ला त अब शान्ति
क-कस्ले सही गरे स्वयं यमराज नेपाल आएर हेर्नुपर्छ
निर्णय जिउँदै सुनाइदिए स्वयं यमराजले रोक्न पर्छ क्रान्ति !

अहिलेसम्म गरिबको न्याय मरेको छैन मर्न नि दिन्न
गरिबको भोको पेट विरुद्ध सही गर्दा छैन लाज घिन
कसका लागि राजनीति गरेका हुन् सम्झौं त एकछिन
न्यायका लागि श्रीकृष्णले आइसक्यो जन्म लिने दिन !

अपराध गर्ने अपराधीको जिन्दगी हुनुपर्छ सिक्रीमा
मेरो हस्ताक्षर अपराधीको पक्षमा छैन आमा बिक्रीमा
खानका लागि गरिबको विरुद्धमा हस्ताक्षर गर्नु अपराध हो
त्यसैले मेरो सही अर्थात् हस्ताक्षर छैन आमा बिक्रीमा !

मध्यान्ह
www.madhyanhadaily.com



# माडी गाउँपालिकाले खरिद गरेको शैक्षिक सामग्रीमा मूल्य विवाद

**मध्यान्ह संवाददाता**
रोल्पा, २ साउन



रोल्पाको माडी गाउँपालिकाले खरिद गरेको शैक्षिक सामग्री(क्यासियो)को मूल्य अनियमिततासम्बन्धी आरोपमा चार दलले विज्ञप्ति निकालेर छानबिनको माग गरेका छन् । नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा एकीकृत समाजवादी र नेपाल कम्युनिष्ट पार्टीले संयुक्त विज्ञप्ति निकाल्दै पालिकाद्वारा खरिद गरिएको क्यासियोको मूल्य बजार मूल्यभन्दा अत्यधिक भएको जनाएका छन् । उनीहरूका अनुसार पालिकाले प्रतिकपि रु.४७५० मा क्यासियो खरिद गरेको छ भने उनीहरूले समान मोडल र गुणस्तरको क्यासियो फुटकर बजारमा रु.३२०० मै खरिद गरेका छन् । त्यसअनुसार एउटै क्यासियोमा रु. १५५० को मूल्य अन्तर देखिएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'गा.पा.सरकारले गरेका जनविरोधी क्रियाकलाप, अनियमितता तथा विकृतिकाविरुद्ध हामी लगातार खबरदारी गर्दै आएका छौं । शैक्षिक सामग्री खरिदसम्बन्धी मूल्य अनियमितता हाम्रो प्रमुख सरोकार हो ।'

चार दलले जेठ २९ गते १६ बुँदे मागपत्र पालिका सरकारसमक्ष बुझाएको र असार १८ गते पुनः मौखिक छलफलसमेत भएको जनाइएको छ । त्यसपछि असार ३० मा वडा नं २ अध्यक्ष ललित घर्ती संयोजक रहने गरी तीन सदस्यीय छानबिन समिति गठन गरिएको थियो । तर, उक्त समिति पालिकाका पदाधिकारीहरूको मिलेमतोमा भंग गरिएको भन्दै दलहरूले आपत्ति जनाएका छन् ।

विज्ञप्तिमा भनिएको छ, 'पालिका अध्यक्ष र कर्मचारीहरू मिलेर षड्यन्त्रपूर्वक छानबिन समितिको कामलाई अन्त्यतर्फ मोड्दै अख्तियारमा बेनामी उजुरी दर्ता गरियो । यस घटनाले हामीलाई गम्भीर ध्यानाकर्षण गराएको छ ।'

चारै दलले सबै प्रमाणसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग नेपालगञ्ज कार्यालयमा लिखित उजुरी दिइसकेको जानकारी समेत गराएका छन् ।

'यो घटनाले पालिकाभित्र ठुलो आर्थिक अनियमितता भएको स्पष्ट देखिएको छ । अब संवाद र छलफलको बाटो हाललाई बन्द भएको घोषणा गर्दछौं,'विज्ञप्तिमा भनिएको छ । विज्ञप्तिमा नेपाली कांग्रेस माडी गाउँपालिका सभापति नवराज डाँगी, नेकपा एमाले अध्यक्ष देव प्रसाद डाँगी, नेकपा एकीकृत समाजवादी अध्यक्ष विकास घर्ती मगर र नेपाल कम्युनिष्ट पार्टी सचिव श्याम बहादुर घर्तीको संयुक्त हस्ताक्षर रहेको छ ।

# खानेपानी विभागको वित्तीय प्रगति ९० प्रतिशत




**काठमाडौं/मस–** खानेपानी मन्त्रालय मातहतको खानेपानी तथा ढल व्यवस्थापन विभागले गत आर्थिक वर्षको वित्तीय प्रगति सार्वजनिक गरेको छ । विभागले चालु आवमा ९० प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । विगतका वर्षको तुलनामा विभागले यसपटक उल्लेखनीय सुधार गरेको हो ।

स्पष्ट निर्देशन, नीतिगत मार्गदर्शन र विभागीय टोलीको समर्पित प्रयासले यो सफलता सम्भव भएको विभागले जनाएको छ । अघिल्लो आवमा विभागको वित्तीय प्रगति ६३ प्रतिशतमात्र रहेकामा गत आवमा विभागले कुल ९० दशमलब १० प्रतिशत वित्तीय प्रगति गर्न सफल भएको विभागद्वारा बिहीबार सार्वजनिक गरिएको तथ्यांकमा उल्लेख छ ।

विभागको अद्यावधिक विवरणानुसार सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना बाँकेले ९७ दशमलव ८३, रामेछापले ९६ दशमलव ९१ प्रतिशत, रपन्देहीले ९५ दशमलव ९४, म्याग्दीले ९५ दशमलव ६२ तथा कास्कीले ९५ दशमलव ४२ प्रतिशत प्रगति हासिल गरेका छन् ।

समयमै योजना कार्यान्वयन, अनुगमन तथा अन्तरसंस्थागत समन्वयले गर्दा विभागले उल्लेख्य सफलता हात पार्न सफल भएको विभागका महानिर्देशक इञ्जिनियर रामकुमार श्रेष्ठले जानकारी दिए ।

उनले भने, 'विभागको वित्तीय प्रगति ९० प्रतिशत पुगेको छ । यो विभागसहित मन्त्रालयका लागि नै ठूलो उपलब्धि हो । रकमान्तरमा सहयोग गर्ने खानेपानी मन्त्रालय, अर्थ मन्त्रालयलगायत सबैमा विभाग अनुग्रहित छ ।'

विभागले मुलुकभरका खानेपानी तथा ढल व्यवस्थापन परियोजनामा देखाएको तीव्रता र परिणाममुखी कार्यप्रगति यो उपलब्धिको मुख्य कारण भएको मन्त्री यादवले जानकारी दिए ।

उनले भने, 'जनताको आधार भूत आवश्यकता पूरा गर्नु हाम्रो दायित्व हो । हामी परिणाम देखिने गरी काम गर्छौं, प्रगति अंकमा मात्र होइन, जनताको जीवनस्तरमा देखिनुपर्छ । आज जुन कुरा विभागले दोखाएको छ ।'

# ३७७ अस्पतालबाट प्रथम सेवाको उपचार पाइने




**काठमाडौं/मस–** स्वास्थ्य बीमा गरेका व्यक्तिले ३७७ अस्पतालबाट प्रथम सेवाको उपचार गर्न पाउने भएका छन् । यही साउनदेखि प्रथम सेवा विन्दुका लागि स्वास्थ्य बीमा बोर्डमा सूचीकृत भएका अस्पतालबाट सेवा पाउने बोर्डका सूचना अधिकारी विकेश मल्लले जानकारी दिए ।

यसअघि बोर्डले तोकेको स्वास्थ्य संस्थामा गएर प्रथम सेवा बिन्दुबाट मात्रै प्रथम सेवा लिनुपर्ने व्यवस्था रहेको थियो । 'अब झापाको बीमितले कञ्चनपुरमा रहेको प्रथम सेवा विन्दुका लागि सूचीकृत भएको स्वास्थ्य संस्थाबाट उपचार पाउनेछन्', उनले भने, 'प्रथम सेवा बिन्दुमा गएर उपचार गर्ने व्यवस्थालाई खुला गरिएको हो ।' ती प्रथम सेवा बिन्दुमा उपचार गरेपछि प्रेषण केन्द्र (रिफरल) अस्पतालमा गएर उपचार बीमितले पाउनेछन् ।

देशभरि बोर्डमा प्रथम सेवा विन्दु ३७७ वटा स्वास्थ्य संस्था र रिफरल स्वास्थ्य संस्था ९८ वटा रहेका छन् । बोर्डले संघीय अस्पताल, विशेषज्ञ अस्पताल, विशिष्टीकृत अस्पताल र प्रतिष्ठानलाई प्रेषण केन्द्रका रुपमा राखेको छ ।

बोर्डमा हाल ९४ लाख बीमित आबद्ध छन् । यस्तै, बोर्डले प्रत्येक स्थानीय तहमा एक/एक वटा प्रथम सेवा बिन्दु स्वास्थ्य संस्था राख्न अनुरोध गरेको छ ।

बोर्डका सूचना अधिकारी मल्लले स्थानीय तहअन्तर्गतका कुन-कुन सेवा प्रदायक स्वास्थ्य संस्थामा स्वास्थ्य बीमाको प्रथम सेवा बिन्दु आवश्यक पर्ने हो सोको जानकारी गराउन आग्रह गरे ।

सरकारले २०७२ साल कैलालीबाट सुरु गरेको स्वास्थ्य बीमा कार्यक्रमले आर्थिक अवस्था कमजोर भएका विपन्न नागरिकलाई उपचार सेवा पुऱ्याउँदै आएको छ ।

# कतारमा नवोदित साहित्यिक वाचनालयको अधिवेशन र कृति अवार्ड कार्यक्रम सम्पन्न

**मध्यान्ह संवाददाता**
दोहा, कतार, २ साउन



नवोदित साहित्यिक वाचनालय कतारले आफ्नो सत्रौं अधिवेशन, नवोदित कृति अवार्ड र कृति विमोचनसहित अनेसास नवोदितको १६० औ वाचन डबली शुक्रबार सम्पन्न गरेको छ ।

वाचनालयका अध्यक्ष सन्दीप थपलिया 'सानु'को सभाध्यक्षता तथा एनआरएनए एनसीसी कतारका अध्यक्ष रमेश भट्टको प्रमुख आतिथ्यतमा सम्पन्न भएको हो ।

अनेसास कतार च्याप्टरका का.वा.अध्यक्ष दिलीप पराजुलीसहित विभिन्न संघसंस्था प्रमुख तथा प्रतिनिधिको आतिथ्यता रहेको कार्यक्रममा कोषाध्यक्ष सुजाता डिसीले स्वागत मन्तव्य राखेकी थिइन् ।

### डबली र नवोदित सम्मान

कार्यक्रममा डबलीमा विशेष रचना वाचन समेत गरिएको थियो । आदिकवि भानुभक्त आचार्यको २११औं जन्मजयन्ती समेत मनाइएको कार्यक्रममा साहित्यकार श्यामराज रानाभाट र सिताराम थापाले आफ्ना रचना वाचन गरेका थिए ।

स्रष्टा सम्मान अन्तर्गत नवोदितका प्रमुख सल्लाहकार नारायण भण्डारीलाई सम्मान गरिएको थियो । वाचनालयले पहिलो पटक नवोदितका आजीवन सदस्य समेत रहेका मध्यान्हकर्मी पत्रकार तिलु शर्मा पौडेललाई पत्रकारका रूपमा सम्मान गरेको छ । विशेष रचना वाचन गर्ने साहित्यकारद्वयलाई समेत सम्मान गरिएको थियो ।

### नवोदित कृति अवार्ड प्रदान

कतारमा बस्दा या कतार छाडेर गएपछि लेखिएका नेपाली भाषाका सेवकहरूको कृतिलाई 'नवोदित कृति अवार्ड'प्रदान गर्दै नवोदितले हौसला बढाउँदै आइरहेको छ । आठौं संस्करण अन्तर्गत 'नवोदित कृती अवार्ड -२०८२'मा दर्ता भएका कृतिहरू मध्यबाट गीति संग्रह 'अरब'ले उक्त अवार्ड जितेको छ ।

प्रेम प्रसाद भट्टराई अरबका लेखक हुन् भने उनले अवार्डसँगै ५ हजार ५ सय ५५ रुपैयाँ नगद पनि प्राप्त गरेका छन् । सम्मान ग्रहण लगत्तै बोल्दै विजेता भट्टराईले आफ्नो साहित्य लेखनमा आजको दिन सुनौलो र अविष्मरणीय रहेको बताए ।

कृति अवार्ड यसअघि महेन्द्र अदृश्य राई 'अदृश्यको प्रतिबिम्ब'कविता संग्रह २०६९, भानु सुनुवार 'रहरको बिस्कुन'गजल संग्रह २०७०, लेख कार्की मन्दिर गजल संग्रह २०७२, विनोद खड्का 'ओला'नियात्रा संग्रह २०७४ र मीनराज वसन्त 'पिपिरी'उपन्यास २०७६, होम कार्की'सनैया'२०७८, शोभाराम ओली'सुलभ' २०८० ले अवार्ड जिति सकेका छन् ।

### कृति विमोचन

कतारमा रहेका नेपाली साहित्यमा कलम चलाउँदै आएका रोल्पा जिल्लाको परिवर्तन गाॅउपालीका वडा नं. २ मा धन बहादुर ओली र नन्दकली ओलीको कोखबाट विक्रम सम्बत २०३८ साल असोज २५ गते जन्मिएका शोभाराम ओलीको नवकृति अटेलिस् जोड विमोचन गरिएको छ ।

उक्त पुस्तक कार्यक्रमका प्रमुख अतिथि भट्टसहित कार्यक्रममा उपस्थित पाहुनाहरूले संयुक्त रूपमा विमोचन गरेका हुन् । पुस्तकको बारेमा साहित्यकार सिताराम थापाले समीक्षा गर्दै पुस्तक पठनीय रहेको बताए । त्यस्तै अर्का साहित्यकार खेमराज सुवेदीले नेपाली साहित्यमा नयाँ कृति थपिएको धारणा राख्दै कृति बहुआयामीक रहेको धारणा राखे ।

आई एड सम्मको अध्ययन गरेका ओलीका अधुरो जीवन (उपन्यास २०६२), परदेशमा व्यथित मन (गजल संग्रह २०७४), परदेशी सपना (मुक्तक संग्रह २०७५) अथाह(बाछिटा संग्रह २०७९) र सुलभ (उपन्यास २०८०) यसअघि नै प्रकाशित भइसकेका छन् ।

यस्तै अधिवेशनमार्फत शोभाराम ओलीको अध्यक्षतामा नयाँ कार्य समिति निर्विरोध चयन भएको छ ।

समितिको प्रथम उपाध्यक्ष शिव सुवेदी, द्वितीय उपाध्यक्ष पूर्ण कान्छा गुरुङ, पुस्तकालय संयोजक गोविन्द उदासी, महासचिव खिम पुन, सचिव सुजाता डिसी, कोषाध्यक्ष रफि मियाँ, सहकोषाध्यक्ष शान्ता थपलिया रहेका छन् ।

कार्यसमितिका सदस्यहरूमा प्रदीप दाहाल, गणेश बस्याल, राम प्रसाद लुइँटेल र किरण ढकाल रहेका छन् । नव निर्वाचित पदाधिकारीहरूलाई निर्वाचन समिति का संयोजक दिल कुमार श्रेष्ठले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि भट्टले विमोचन भएको कृति १००० प्रति खरिद गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले कतारको एनआरएनएको पछिल्लो घटनाक्रमलाई लक्षित गर्दै नेपाली समाज बिचौलियाले बिगारेको दाबी गरे । भट्टले तीन डलर तिरेर एनआरएनए आइसीसीको सती जान नहुने बताउँदै अदालतको पूर्ण फैसला नआउन्जेल कतारको एनसीसीलाई समाजको बिचमा राख्नुपर्ने आवश्यकता औंल्याए ।

भट्टले श्रमिकको हितमा बाहेक अन्य क्षेत्रमा कुनै रकम नखर्चिएको हुँदा कतारका नेपाली एनआरएनए हैनन् भन्ने जानकार आफू रहेपनि श्रमिकका हितमा काम गर्न यो संस्थाको आवश्यकता रहेको बताए । आउँदो शुक्रबार ११ औं अधिवेशन पश्चात् आफूले एनसीसीको कार्यकारी समाजकै माझमा हस्तान्तरण गर्न लागेको हुँदा सबैले एनसीसीलााई साझा बनाउन सहयोग गर्न अनुरोध गरे ।

वाचनालयका महासचिव शिव सुवेदीले सहजिकरण गरेको कार्यक्रममा कार्यप्रगती क्युआर कोडमार्फत सार्वजनिक गरिएको थियो । अधिवेशनको समापन गर्दै सभाध्यक्ष थपलियाले कार्यकालमा केही नयाँ गर्ने प्रयास गरेको बताए ।

# कालिकामाई गाउँपालिकाका शिक्षक, कर्मचारी र ज्येष्ठ नागरिकलाई सम्मान

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, २ साउन



पर्साको कालिकामाई गाउँपालिकाले पालिकाभित्रका शिक्षक, कर्मचारी र ज्येष्ठ नागरिकलाई सम्मान गरेको छ । गाउँपालिका अध्यक्ष बशिष्ठ कुमार गुप्ताको प्रमुख आतिथ्यतामा श्रीजनता मावि मुडलीमा कार्यक्रम सम्पन्न भएको हो ।

उद्घाटन समारोहमा अध्यक्ष गुप्ताले शिक्षालाई प्राथमिकतामा राखेर योजना निर्माण गर्दै शिक्षकहरूसँगको परामर्शमा अघि बढिरहेको बताए ।

उनले शिक्षा विकासमा शिक्षकहरूका सुझावका आधारमा पाँचवटा माध्यमिक विद्यालय सञ्चालनमा आएको र केहीमा प्लस टु तहसमेत सुरु गरिएको जानकारी दिए ।

अध्यक्ष गुप्ताले विद्यालयमा भौतिक पूर्वाधार, शौचालय, डेक्स-बेन्च र स्वयम्सेवक शिक्षकको व्यवस्थापन गरिएको उल्लेख गर्दै, शिक्षकहरूमा राजनीतिक प्रभाव, लामो समय एउटै विद्यालयमा बस्नाले पठनपाठनमा समस्या देखिएको जस्ता गुनासाहरू रहेको पनि स्वीकार गरे । साथै, सरकारको नीतिका कारण विद्यार्थी फेल नहुने व्यवस्थाले समस्या थपिएको र अभिभावकहरूको पनि जिम्मेवारीमा कमी रहेको टिप्पणी गरे ।

कार्यक्रममा गाउँपालिकाका ११ वटा विद्यालयका १४० जना शिक्षक, शिक्षिका तथा कर्मचारीलाई गम्छा ओढाई, झोला, डायरी र कलम प्रदान गरी सम्मान गरिएको थियो ।

कार्यक्रममा नेरामाबी कटीका प्रधानाध्यापक इन्द्रदेव कुर्मीले शिक्षकमाथि भएको सम्मानप्रति खुशी व्यक्त गर्दै, यो सम्मानले ऊर्जा र उत्साह थपेको धारणा राखे । नेपाल शिक्षक महासंघका अध्यक्ष विनोद गिरीले शिक्षकहरूले विद्यार्थीलाई आफ्ना सन्तानझैं सम्झेर शिक्षण गर्नुपर्ने उल्लेख गरे ।

उनले इमानदारीपूर्वक शिक्षण गर्ने शिक्षकले अवश्य पनि सम्मान र फल पाउने विश्वास व्यक्त गरे ।

कार्यक्रममा वडाध्यक्ष लालबाबु चौरसिया, जयनारायण पटेल, सोनालाल चौरसिया, कन्यामाबीका प्रअ रामबचन प्रसाद, नेपाल रेडक्रस आधार भूत विद्यालयका अब्बास मियाँ लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

सोही अवसरमा कटी गाउँका ११४ वर्षीय ज्येष्ठ नागरिक ढोडा महतो चौहानलाई गाउँपालिका अध्यक्ष गुप्ताले दोसल्ला ओढाइ मायाको चिनो प्रदान गर्दै सम्मान गरेका थिए । कार्यक्रमको सञ्चालन शिक्षक सुधन गौतराजले गरेका थिए ।


**युएईमा रोजगार**
कम्पनी: RESOURCES FOR EMPLOYMENT — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०४/०२ — चलानी नं.: ६०२४११४० — LT. No.:327107

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Masion | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४८६४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 50 | 0 | | 1100 | ४११६२ | | | | | | | |
| 3. | Steel Fixture | 15 | 0 | | 1300 | ४८६४६ | | | | | | | |
| 4. | Carpenter | 15 | 0 | | 1300 | ४८६४६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १० गते (26 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १५१३/०७४/०७५
**Well Growing Recruitment (P.) Ltd.**
House No. 536, Bansbari, Sallaghari Chakrapath, Kathmandu Nepal, Phone: 01-5916635
| www.wellgrowingrecruitment.com.np, Email : wellgrowing@gmail.com.
Mobile: 9866550748, 9741827319, 9810673421, 9827707245 & 9864903199

**साउदीमा रोजगार**
कम्पनी : INTERNATIONAL CONSTRUCTION & MANUFACTURING SERVICES — शहर : JUBAIL
पूर्व स्वीकृत मिति: २०८२/०४/०१ — चलानी नं.: ६०२४११३३ — L.T. No.: 327147

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Labour | 30 | 0 | स. काममा दक्ष | 1000 | ३६,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १०, ११ र १२ गते (26, 27 & 28 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Professional Manpower Services Pvt. Ltd.** श्रम इजाजत नं. ४३१/०६०/०६१
Basundhara-03, Kathmandu, Nepal | Tel No.: 01- 4987247, 01-4988247 | Email: info@pms.com.np

**MAURITIUS मा रोजगार**
कम्पनी : LE JADIS BEACH RESORT & WELLNESS (MAURITIUS) — पून विज्ञापन
पूर्व स्वीकृत मिति :२०८०/०७/१३ — चलानी नं.:६०२०९५३८ — L.T. No.: 294293

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 5 | 0 | सम्बन्धित काममा दक्ष | 16000 | ४८००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 5 | 0 | | 16000 | ४८००० | | | | | | | |
| 3. | Cleaners | 10 | 0 | | 15000 | ४५००० | | | | | | | |
| 4. | House Keeping | 10 | 0 | | 15000 | ४५००० | | | | | | | |
| 5. | Kitchen Cook | 5 | 0 | | 16000 | ४८००० | | | | | | | |
| 6. | Waiters | 15 | 0 | | 15000 | ४५००० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १० र ११ गते (26 & 27 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १५,५०० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**युनाईटेड प्लेसमेन्ट एण्ड इम्प्लोईमेण्ट सर्भिस प्रा. लि.**
पो.ब.नं. ८९७५, इपिसी १८२१, चावहिल, काठमाडौं, नेपाल, फोन: ४५८३९९७
E-mail: upesoverseas44@gmail.com / unitedplacement121@gmail.com /info@upesoverseas.com
श्रम इजाजत नं. ४४/०४९/०५०

**मलेसियामा रोजगार**
कम्पनी: A5 SECURITY SERVICES SDN BHD — शहर: GLENMARIE
पूर्व स्वीकृत मिति: २०८०/१२/१६ — चलानी नं.:६०२१७६१० — L.T. No.:302794 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 34 | 0 | स. काममा दक्ष | 1500 | ४८,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १० गते (26 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SDHR — Gov. Lic No. 1473/074/075
**Supa Deurali Human Resource Pvt. Ltd.**
Samakhusi -26, Maipi, Kathmandu, Nepal Tel: +977- 1- 4387429 | Email: supadeurali27@gmail.com
Web.: www.supadeuralimanpower.com

**कतारमा रोजगार**
कम्पनी : PURE LAND SERVICE AND HOSPITALITY — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/०४/०१ — चलानी नं.: ६०२४११२१ — L.T. No.:326659

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ground Host for Reservation | 0 | 6 | स. काममा दक्ष | 1500 | ५६,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १० गते (26 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ROYAL GANDAKI MANPOWER PVT. LTD.** श्रम इजाजत पत्र नं.: १०२३/०६८/०६९
सामाखुसी-३, काठमाडौं, फोन: ४९८७८७१, ४९९५४३०९, ९८५१०८२०५६

### सरकारको आय-व्यय दुवै कमजोर

# बजेट खर्च १५ खर्ब २३ अर्ब, आम्दानी १२ खर्ब १९ अर्ब

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ साउन ।

गत आर्थिक वर्ष २०८१/८२ मा सरकारको आम्दानी र खर्च दुवै कमजोर देखिएको छ। महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार वार्षिक लक्ष्यको तुलनामा सरकारको आय ८२ र व्यय ८१ प्रतिशतमा खुम्चिएको हो। गत आवका लागि सरकारले १८ खर्ब ६० अर्ब ३० करोड ३० लाखको बजेट ल्याएको थियो। असार समान्तसम्ममा १५ खर्ब २३ अर्ब १० करोड ६८ लाख खर्च भएको छ। जुन वार्षिक लक्ष्यको ८१ दशमलव ८७ प्रतिशत बराबर हो।




चालु शीर्षकमा गत आवका लागि ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख विनियोजन भएकोमा ८५ दशमलव ९५ प्रतिशत अर्थात् नौ खर्ब ८० अर्ब २८ करोड २१ लाख खर्च भएको छ। त्यस्तै, पुँजीगत शीर्षकमा तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख विनियोजन भएकोमा ६३ दशमलव दुई प्रतिशत अर्थात् दुई खर्ब २२ अर्ब ६८ करोड २३ लाख खर्च भएको छ।

वित्तीय व्यवस्थापन शीर्षकमा तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख विनियोजन भएकोमा ८७ दशमलव १४ प्रतिशत अर्थात् तीन खर्ब २० अर्ब चार करोड २४ लाख बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ।

सरकारको आम्दानी पनि लक्ष्यभन्दा निकै कम छ। गत आवका लागि १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख प्राप्ति हुने लक्ष्य राखेको सरकारले ८२ दशमलव ८८ प्रतिशत अर्थात् १२ खर्ब १९ अर्ब ७१ करोड ८६ लाख बराबर मात्रै असुली गरेको छ। यसरी सरकारको आम्दानी र खर्चको अवस्था तुलना गर्दा आयभन्दा तीन खर्ब तीन अर्ब ३८ करोड बढी व्यय भएको छ।

राजस्व संकलनतर्फ गत आवका लागि राखिएको १४ खर्ब १९ अर्ब ३० करोड ३० लाख बराबरको लक्ष्यमा ८३ दशमलव ०६ प्रतिशत मात्रै प्रगति भएको छ। सरकारले ११ खर्ब ७८ अर्ब ८२ करोड बराबर मात्रै राजस्व उठाउन सकेको हो। जसमध्ये कर राजस्व वार्षिक लक्ष्यको ८१ दशमलव ७५ प्रतिशत अर्थात् १० खर्ब ४९ अर्ब ८७ करोड ५४ लाख र गैरकर राजस्व ९५ दशमलव ४५ प्रतिशत अर्थात् एक खर्ब २८ अर्ब ९४ करोड बराबर मात्रै संकलन भएको महालेखा नियन्त्रक कार्यालयको तथ्यांकबाट देखिन्छ।

त्यस्तै, वैदेशिक अनुदान प्राप्तिमा ४४ दशमलव ९७ प्रतिशत मात्रै प्रगति देखिएको छ। गत आवका लागि ५२ अर्ब ३२ करोड ६५ लाख वैदेशिक अनुदान लिने लक्ष्य राखेको सरकारले लक्ष्यको आधा भन्दा कम अर्थात् २३ अर्ब ५२ करोड ८७ लाख बराबर मात्रै उठाउन सकेको हो।

यसरी आय-व्ययको अवस्था हेर्दा सरकारले दुई पटक लक्ष्य संशोधन गर्दा पनि हासिल गर्न नसकेको देखिएको छ। मध्यावधि समीक्षामार्फत गत माघमा पहिलोपटक र चालु आर्थिक वर्ष २०८२/८३ को बजेट ल्याउँदै गर्दा गत जेठमा सरकारले दोस्रोपटक आय-व्ययको अनुमान घटाएको थियो।

सरकारको गत जेठको अनुमानअनुसार गत आवमा सुरुवाती वार्षिक विनियोजनको ८९ दशमलव चार प्रतिशत अर्थात् १६ खर्ब ६२ अर्ब ३७ करोड बजेट खर्च हुने ठानिएको थियो। जबकि वास्तविक खर्च डेढ महिना अगाडिको लक्ष्यभन्दा करिब एक खर्ब ४० खर्बले खुम्चिएको छ।

सुरुवाती विनियोजनको अनुपातमा चालु खर्चतर्फ ८८ दशमलव पाँच, पुँजीगततर्फ ८४ दशमलव चार र वित्तीय व्यवस्थातर्फ ९७ दशमलव छ प्रतिशत रहने संशोधित अनुमान सरकारको गत जेठमा गरेको थियो। त्यस्तै, राजस्व परिचालन १२ खर्ब ६७ अर्ब ३९ करोड रहने दोस्रोपटकको अनुमान थियो।

# नेपाली गलैंचा तेस्रो मुलुक निर्यात हुन थाल्यो



**वीरगञ्ज/मस** – बारा-पर्सा औद्योगिक कोरिडोरमा अवस्थित प्रेस्टिज कार्पेट इन्डिस्ट्रिजले आफ्ना उत्पादन तेस्रो मुलुक निर्यात गर्न थालेको छ। इन्डिस्ट्रिजले गत बिहीबार ३० हजार वर्गमिटर गलैंचा सुक्खाबन्दरगाहबाट तेस्रो मुलुक निर्यात गरेको हो।

उक्त इन्डिस्ट्रिजका युनाइटेड सञ्चालक अमन साहका अनुसार संयुक्त अरब इमिरेट्स, अफ्रिकी मुलुक केन्या र संयुक्त राज्य अमेरिकालगायत मुलुकमा आफ्ना उत्पादन निर्यात गर्न थालेको हो। यसअघि भारतमा आफ्ना उत्पादन निर्यात गर्दै आएको थियो।

'करिब एक करोड बराबरको गलैंचा सुक्खाबन्दरगाहबाट तेस्रो मुलुक निर्यात गरिएको छ', लामो प्रयासपछि तेस्रो मुलुकमा पनि निर्यात गर्न बन्न सफल भएको उल्लेख गर्दै उनले भने। जितपुर-सिमरा उपमहानगर-२३ मा रहेको उक्त उद्योगले एक सय जनालाई रोजगारी दिएको छ। उद्योगको वार्षिक २० लाख वर्गमिटर उत्पादन गर्ने क्षमता छ। उद्योगका अनुसार प्रतिवर्गमिटर मिटर नौ सय देखि चार हजारसम्मका गलैंचा उत्पादन हुने गरेको छ। विगत पाँचवर्षदेखि सञ्चालनमा रहेको उद्योगमा रु ४० करोड लगानी भएको छ।

यसै बीच, वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले विदेशबाट कच्चा पदार्थ ल्याएर उत्पादन गरी पुनः विदेश निर्यात गर्नु खुसीको कुरा भएको बताए।

# प्रभु हेलिकप्टरले आईपीओ जारी गर्दै



**काठमाडौं/मस** – प्रभु हेलिकप्टर लिमिटेडले सर्वसाधारणका लागि आईपीओ निष्कासनको तयारी गरेको छ। कम्पनीकाअनुसार आईपीओ जारी गर्नका लागि आईपीओ बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटललाई नियुक्त गरिसकेको छ।

प्रभु हेलिकप्टर सेवा १० औं वर्षमा प्रवेश गरेको अवसरमा कम्पनीले सुरक्षित र यात्रुमैत्री सेवा प्रवाहलाई बलियो बनाउने जनाएको छ। वार्षिकोत्सवको अवसरमा प्रभु हेलि लिमिटेडका अध्यक्ष सुभाष अमात्यले पछिल्लो एक दशकमा प्राप्त साथ र सहयोगप्रति सम्पूर्णमा आभार व्यक्त गर्दै आगामी दिनमा थप गुणस्तरीय सेवा दिने प्रतिबद्धता व्यक्त गरे।

एक दशकअघि तत्कालीन मुक्तिनाथ हेलिकप्टरका नामबाट सञ्चालित कम्पनीलाई प्रभु ग्रुपले २०७२ सालमा सम्पूर्ण शेयर खरिद गरी प्रभु हेलिकप्टरका नामबाट सञ्चालनमा ल्याएको हो। 'नेपालको विविध र चुनौतीपूर्ण भौगोलिक अवस्थामा सुरक्षित, भरपर्दो र प्रभावकारी हवाई यातायात सेवामा प्रतिबद्ध भई निरन्तर लागेका छौँ, आगामी दिनमा पनि यात्रु तथा सेवाग्राहीबाट यही किसिमको माया र विश्वास पाउने अपेक्षा गर्दछौँ', कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

प्रभु हेलिकप्टरले विशेष गरी मुलुकको पर्यटन क्षेत्रका साथै आकस्मिक उद्धार, सामग्री ढुवानीलगायतका क्षेत्रमा काम गरिरहेको छ। सुरुआती चरणमा एउटा रोबिन्सन हेलिकप्टरबाट व्यावसायिक यात्रा सुरु गरेको प्रभुले हाल दुई एयरबस एच १२५ मार्फत् उडान सेवा प्रवाह गरिरहेको छ। कम्पनीले हाल पोखरा, काठमाडौं र लाङटाङमा हेलिकप्टर टुर तथा साइटसिङ सेवा उपलब्ध गराइरहेको छ भने मुक्तिनाथ, गोसाइकुण्ड, कालीञ्चोक भगवती र लुम्बिनीमा पनि हेलिकप्टर टुर उपलब्ध गराउँदै आएको छ।

साथै सगरमाथा, अन्नपूर्ण र माछापुछ्रे हिमालको आधार शिविरमा पनि हवाई उडान गर्नुका साथै उद्धारलगायतका सेवा उपलब्ध गराउँदै आएको छ। सुरुमा कम्पनी ऐन, २०६३ अन्तर्गत एक निजी लिमिटेड कम्पनीको रूपमा समावेश गरिएको प्रभु हेलिकोप्टर प्रालि २०७९ असार ३० गतेदेखि पब्लिक लिमिटेड कम्पनीमा रूपान्तरण भएको हो। कम्पनीसँग पोखरामा आफ्नै ह्याङर सुविधा उपलब्ध छ।

# सानिमा बैंकको अनलाइन ई-कम कार्डमा टपअप सुविधा




**काठमाडौं/मस** – सानिमा बैंकले ई-कम भिसा कार्ड प्रयोगकर्ताहरूका लागि अनलाइनमार्फत् कार्डमा टपअप गर्न मिल्ने सुबिधाको सुरुवात गरेको छ। ई-कम भिसा कार्ड प्रयोगकर्ताहरूले अब आफूलाई पायक पर्ने जुनसुकै समय र स्थानबाट सानिमा यूएसडी इ-कम भिसा कार्डमा टपअप गर्न सक्नेछन्।

ग्राहकहरूले सानिमा सजिलो ईबैकिङ एप वा बैंकको आधिकारिक वेबसाइटमा अनलाइन सर्भिसेस अन्तर्गतको कार्ड सर्भिसमा आफ्नो विवरणहरू राखेर टपअप गर्न सक्नेछन्। ग्राहकहरूले बैंक खातामा रजिस्टर भएको मोबाइल नम्बर वा इमेल, बचत खाता नम्बर र उपलब्ध क्याप्चा राखेर टपअपको प्रक्रिया अगाडि बढाउन सक्ने बैंकले जनाएको छ।

साथै, उक्त प्रकियाका लागि मोबाइल नम्बर वा इमेलमा प्राप्त भएको ओटीपी राखेपश्चात् कार्डमा तुरुन्तै टपअप हुनेछ।

# एनआईसी एशियाका ग्राहकलाई ओम हस्पिटलमा छुट



**काठमाडौं/मस** – एनआईसी एशिया बैंक्का ग्राहकलाई ओम हस्पिटलको सेवामा छुट हुने भएको छ। बैंक र ओम हस्पिटल एण्ड रिसर्च सेन्टर प्रालिबीच बैंकका ग्राहकहरूको स्वास्थ्य उपचार सेवामा विशेष छुट उपलब्ध गराउने सम्झौता सम्पन्न भएको हो।

यस सम्झौतासँगै अब यस बैंकका ग्राहकहरूले ओम हस्पिटलमा उपचार गरी डिजिटल भुक्तानी गर्दा १० प्रतिशत छुटको विशेष सुविधा प्राप्त गर्न सक्ने जनाइएको छ। उक्त सम्झौता पत्रमा यस बैंकका तर्फबाट डिजिटल पेमेन्ट इकोसिस्टम प्रमुख बिमल लम्साल र हस्पिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत यमबहादुर महतले हस्ताक्षर गरेका थिए।

सो सुविधाको उपभोग गर्न ग्राहकले यस बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड प्रयोग गरी वा मोबाइल बैंक एपमार्फत् भुक्तानी गर्नुपर्ने छ।

# विराटनगर किङ्सको मार्केटिङ एजेन्सी भी-चित्र



**विराटनगर/मस** – कोशी प्रदेशको प्रतिनिधित्व गर्ने प्रमुख क्रिकेट फ्रेन्चाइज टिम 'विराटनगर किङ्स'ले भी-चित्रलाई आफ्नो आधिकारिक मार्केटिङ एजेन्सीको रूपमा नियुक्त गरेको छ। स्ट्राटेजिक पार्टनरशिपले ब्रान्डको उपस्थिति अझ बलियो बनाउने, फराकिलो दर्शक वर्गसँग संलग्नता बढाउने र समग्र मार्केटिङ पहलहरूलाई थप प्रभावकारी बनाउने लक्ष्यका साथ सो नियुक्ति गरिएको किङ्सले जनाएको छ।

आफ्ना इनोभेटिभ स्ट्राटेजी र प्रमाणित ट्र्याक रेकर्डहरूका लागि परिचित भी-चित्र, डिजिटल मार्केटिङ, ब्रान्ड विकास, दर्शक संलग्नता र पीआर व्यवस्थापनमा सशक्त अनुभव राख्ने एक स्थापित मार्केटिङ एजेन्सी हो, जसले अब विराटनगर किङ्सको सम्पूर्ण मार्केटिङ र सञ्चार प्रयासहरूको जिम्मेवारी सम्हाल्ने छ।

बिराटनगर किंग्स नेपाल प्रिमियर लिगमा नेपालको कोशी प्रदेशको प्रतिनिधित्व गर्ने क्रिकेट फ्रेन्चाइज हो। विराटनगर किङ्सको लक्ष्य स्थानीय प्रतिभा प्रदर्शन गर्नु, खेलभावना प्रवर्द्धन गर्नु र प्रशंसकहरू र कम्युनिटीसँग संलग्न हुनु हो, जसले कोशी प्रदेशको गौरव बढाउने लक्ष्य राखेको छ।

# कामना सेवाको नाफा ९८ करोड ७० लाख

**काठमाडौं/मस** – कामना सेवा विकास बैंक लिमिटेडले झण्डै एक अर्ब नाफा आर्जन गरेको छ। आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरण सार्वजनिक गरेको बैंकले गत आर्थिक वर्षको असार मसान्तसम्ममा ९८ करोड ७० लाख रुपैयाँ सञ्चालन मुनाफा आर्जन गर्न सफल भएको हो। त्यस्तै, बैंकले ६० करोड ७४ लाख रुपैयाँ वितरणयोग्य मुनाफा आर्जन गरेको छ।

चौथो त्रैमासको अन्त्यसम्ममा बैंकले कुल ६३ अर्ब ५० करोड रुपैयाँ निक्षेप संकलन गरी ५२ अर्ब ५५ करोड रुपैयाँ कर्जा तथा सापटी समेत प्रवाह गरेको छ। यस अवधिमा बैंकको प्रतिशेयर आम्दानी १८.१० रहेको छ भने आधार दर ७.०७ प्रतिशतमा सीमित छ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

त्यस्तै, बैंकको पुँजीकोष अनुपात १३.२० प्रतिशत र निष्कृय कर्जा अनुपात ३.३८ प्रतिशत रहेको छ। बैंकका वित्तीय सूचकहरूमा कुल चुक्ता पुँजी ३.५१ अर्ब रुपैयाँ र कुल निक्षेप ६३.५० अर्ब रुपैयाँ रहेको छ।

**मोटरसाईकल हराएको सूचना**

मिति २०८२/०३/२० गते अन्दाजी रातको ९:३० बजेको समयमा का.जि.का.म.न.पा.-१६, नयाँबजार नर्सिङ चोक नजिकै बाटोमा पार्किङ गरि राखेको बा.प्र-०२-०४६ प १५६२ नम्बरको सेतो कालो रङको NS 200 CC पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला।

सवारी धनीः हुलास अटोक्राफ्ट प्रा.लि.
ऋणिको नामः वीर बहादुर बि.क.
च्यासिस नं.: MD2A36F6PCD87100
इन्जीन नं.: JIXCPD57444
सम्पर्कः ९८४०७४६५७५

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रादेशिक अस्पताल भद्रपुर**
कोशी प्रदेश
भद्रपुर झापा, नेपाल

**सेवा करारमा दरखास्त आब्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०४/०२**

यस प्रादेशिक अस्पताल भद्रपुरका लागि तपशिल बमोजिमको पदमा करार सेवामा जनशक्ति पदपुर्ती गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त पेश (*इमेलबाट समेत पेश गर्न सकिने*) गर्न आब्हान गरिन्छ। दरखास्त आवेदन प्रशासन शाखा र कार्यालयको वेबसाईटमा समेत उपलब्ध हुनेछ।

तपशिल

| क्र. स. | विज्ञापन नम्बर | पद | तह/श्रेणी | सेवा/समुह/उपसमुह | माग पद संख्या | सेवाको किसिम | दरखास्त दस्तुर | पाठ्यक्रम |
|---|---|---|---|---|---|---|---|---|
| १. | १/२०८२-०८३ | मेडिकल अधिकृत | अधिकृतस्तर आठौँ तह | स्वास्थ्य/ ज.हे.स. | ४ (चार) | अस्पताल विकास समिति करार | रु. १०००।- | कोशी प्रदेश लोकसेवा आयोगले निर्धारण गरेको। |
| २. | २/२०८२-०८३ | स्टाफ नर्स | सहायकस्तर पाँचौ तह | स्वास्थ्य/नसिङ्ग/ज. नसिङ्ग | १ (एक) | कार्यक्रम करार | रु. ७००।- | कोशी प्रदेश लोकसेवा आयोगले निर्धारण गरेको। |
| ३. | ३/२०८२-०८३ | एनेस्थेसिया सहायक | सहायकस्तर पाँचौ तह | स्वास्थ्य/विविध/ एनेस्थेसिया | १ (एक) | अस्पताल विकास समिति करार | रु. ७००।- | कोशी प्रदेश लोकसेवा आयोगले निर्धारण गरेको। |
| 4. | ४/२०८२-०८३ | हेल्थ असिष्टेन्ट | सहायकस्तर पाँचौ तह | स्वास्थ्य/हे.ई. | १ (एक) | अस्पताल विकास समिति करार | रु. ७००।- | कोशी प्रदेश लोकसेवा आयोगले निर्धारण गरेको। |

थप जानकारीको लागि यस अस्पतालको वेबसाईट, सूचना पाटीमा हेर्नु वा कार्यालय समयमा प्रशासन शाखा (०२३-५२३०२४) मा सम्पर्क गर्न सक्नु हुनेछ।

**युएईमा रोजगार**
कम्पनीः MILLENNIUM FASHIONS INDUSTRIES LTD.   शहरः Sharjah
पुर्व स्वीकृत मितिः २०८२/०४/०२   चलानी नं.: ६०२४११५०   L.T. No.: 327246

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helpers | 0 | 40 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Machine Operator | 15 | 40 | | 1500 | ५६,१३० | | | | | | | |
| 3. | Security Guard/Guard | 5 | 0 | | 1500 | ५६,१३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १० गते (26 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सन लाईट ह्युमन रिर्सोस प्रा. लि.**   Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोनः ४९८४८३२, ४९८४८३३, 9802341585 , 9700558336, 9864827296

**युएईमा रोजगार**
कम्पनीः TECHNOMAK ENERGY INTERNATIONAL FZC   शहरः SHARJAH
पूर्व स्वीकृत मितिः २०८२/०१/११   चलानी नं.: ६०२३६५९३   L.T. No.:322493   पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 16 | 0 | स. काममा दक्ष | 1200 | ४४,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १० गते (26 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**S. P. M. OVERSEAS PVT. LTD.**   Gov. Lic No. 817/066/067
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795
Kathmandu Contact No : 984-2151398 / 981-3127393 / 9706534871, Email: Spmoverseas@gmail.com, Web.: www.spmoverseas.com

**यूएईमा रोजगार**
कम्पनीः CARE AND CURE HOME HEALTH CARE - SOLE PROPRIETORSHIP L.L.C   शहरःUAE
पूर्व स्वीकृत मितिः २०८२/०३/२२   चलानी नं.: ६०२४११५१   L.T. No.: 326814

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Nurse (1yr. Course) | 0 | 30 | स. काममा दक्ष | 6000 | २२४५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १० गते (26 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**STARIS HR SERVICES PVT. LTD.**   श्रम इजाजत नं. १३२४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762
CONTACT NO.: 9851336470 | 9802320574 | 9802320575

**UAE मा रोजगार**   Company : Imdaad LLC
पुर्ब स्वीकृती मितिः २०८२/४/२   चलानी नं. ६०२४११५८   LT No.: 327253

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner General | 150 | 50 | [illegible] | 1000 | ३७,४४५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८२ साउन ११ गते (27 July, 2025) यस प्रा. लि. कार्यालय महाराजगंज काठमाडौंमा हुनेछ ।

**SHAN A.B. INTERNATIONAL PVT. LTD.**
Licence No.:915/067/68
Maharajgunj Chowk (Near to Bhat Bhateni Supermarket), Kathmandu
Tel : 01- 4378890, 4378054

**युएईमा रोजगार**
कम्पनी : IMDAAD LLC   शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/०४/०१   चलानी नं.: ६०२४११२४   LT. No.: 327236

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 150 | 50 | स. काममा दक्ष | 1000 | ३७,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १० गते (26 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SGMC   Gov. Lic No. 1219/074/075
**SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.**
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457 Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com
Mobile : 9851235143, 9803636760, 9841136727, 9869120271, 9844064089, 9840974007, 9841468330.

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
३ साउन २०८२ शनिबार
19 July 2025, Saturday

# नेपाली चलचित्रकी 'आमा' रश्मी



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २ साउन

२०५५ सालको पुस महिना । काठमाडौंको न्युरोडस्थित 'स्टुडियो-७'को एक कोठा । पाँच जना पुरुषबीच उभिन्छिन् १६ वर्षकी किशोरी । मनमा डर, डरसँगै लाज पनि मिसिँदा अनुहार रातोपिरो । आँखा अगाडि माइक्रोफोन । पर्दा पारिबाट आवाज आउँछ-
'सुरु गर ।'

ढुकढुकीको गति चर्किन्छ, ओठ सुक्छन्, बोली बन्द । स्वर कहाँबाट निकाल्नु ? त्यस डरलाई 'बिरामी छु' भन्ने बहानामा लुकाउँदै उनी त्यस दिन भोलि गाउने बाचासहित स्टुडियोबाट बाहिरिन्छिन् ।

भोलिपल्ट फेरि स्टुडियो फर्किन्छिन्, यो पटक साथी मुना गिरीलाई लिएर । साथीको साथले हिम्मत आउँछ । बोल्न नसकेको स्वर अन्ततः ओठबाट निस्कन्छ- 'ओठले तिमीलाई बोलाउँदिन म, आँखाको भाका मेरो बुझिदेऊ न ।' र, यहीँबाट सुरु हुन्छ रश्मी भट्टको सांगीतिक यात्राले अभिनयको दुनियाँसम्म पुग्ने कथा ।

२७ वर्षअघिको त्यस्तो क्षण र आफ्नो व्यवहार सम्झिएर छक्क पर्छिन् रश्मी । नेपाली गीत, चलचित्र र टेलिचलचित्रको क्षेत्रमा चर्चा कमाएर नेपालको मनोरञ्जन क्षेत्रलाई अगाडि बढाउन योगदान दिन सक्छु जस्तो उनलाई लागेकै थिएन । न त लागेको थियो गायनबाट सुरु गरेको कलाकारिता अभिनयमा परिणत भएर आफ्नो 'प्राण' बन्ला ।

'केटाहरूको संगतले केटी मान्छे बिग्रिन्छन्, कुम जुधाएर हिँडे गर्भवती भइन्छ भन्ने सोचाइ । त्यस्तै होला लाग्थ्यो । त्यही भएर पहिलो गीत रेकर्ड गर्न जाँदा सक्दै नसकेर पछि साथी लिएर गएँ । लागेकै थिएन यहाँसम्म आइपुग्छु,' उनले आफ्नो विगत सुनाइन् । अनौपचारिकरूपमा भने उनी सानैबाट गायनमा जोडिएकी थिइन् ।

भक्तपुरमा जन्मिएकी रश्मीका एक जना काका मात्रै कलाकारिता क्षेत्रमा थिए । परिवारका अन्य कसैको कलाकारिताप्रति लगाव थिएन । तर रश्मी सानैबाट गीत गाउन खप्पिस थिइन् । स्कुलका गायन प्रतियोगिता, विभिन्न कार्यक्रममामा भाग लिइरहने उनलाई अभिनय गर्न पनि उत्तिकै मन पर्थ्यो, तर मौका भने जुरेको थिएन ।

कक्षा १० सकिएपछि उनलाई स्टेज कार्यक्रममा गीत गाउने मौका मिल्यो । गीतसँगै उनको शारीरिक हाउभाउ या भनौं समग्र प्रस्तुतिका कारण उनलाई अभिनयको अफर आयो । उनले नाइ भनिनन् । सानातिना भूमिकामा काम गर्दागर्दै उनले २०४७ सालमा 'मायाको जाल' नामक गीति चलचित्रमा साराङ्गा श्रेष्ठको साथीका रूपमा अभिनय गर्ने अवसर पाइन् । सोही चलचित्रमा साराङ्गाले बुबाको मृत्यु भएको 'सिन'मा गरेको अभिनय रश्मीको मानसपटलमा सधैंका लागि प्रेरणा बनेर बस्यो र उनको अभिनयप्रतिको मोह बढ्यो ।

'साराङ्गाको बुबाको डेथ भएको हुन्छ । आँगनभरि मान्छे । साराङ्गा चाहिँ पढेर आउँदा भिड पन्छ्याएर आउने अनि बाबा भन्दै रोएको त्यो सिन चाहिँ मेरो मस्तिष्कमा ताजा छ । त्यो रोलको इम्प्रेसन राम्रो पर्‍यो,' उनले सुरुवाती दिन सम्झिइन् ।

**नेपाली चलचित्रकी आमा**

रश्मीलाई मुख्य अभिनेत्रीको भूमिकामा अभिनय गर्ने प्रस्ताव पनि नआएका होइनन् । तर भावुक तथा दयालु भूमिकामा उनी आफूलाई बाँध्न चाहन्थिन् । यसैले उनले आमाको भूमिकामा अभिनय गर्न थालिन् । केही समय आमाकै भूमिका निभाउन पनि उनलाई गाह्रो परेको थियो । तर आफू आमा बनेपछि भने उनलाई सजिलो भयो । भन्छिन्, 'अभिनय गर्न नसकिएको त होइन, तर आमाको रोललाई जीवन्त बनाउन आफैं आमा बन्नुपर्ने रहेछ । आमा बनेपछि बच्चासँग कसरी बोल्ने जानिने रहेछ । होर बाबा, नानु यस्तो भन्नै नआउने आमा नबन्दासम्म त ।'

यसरी उनले गरेको आमाको भूमिका नेपाली चलचित्र निर्माता र दर्शकका लागि लोकप्रिय बन्दै गयो । अहिले उनी नेपाली चलचित्र मात्र नभइ टेलिचलचित्रहरूमा पनि आफूलाई आमाकै रूपमा उभ्याइरहेकी छिन् । उनी नेपाली चलचित्रकी आमाको रूपमा परिचित पनि छिन् । आमाकै भूमिकाका कारण आफ्नो अभिनय क्षेत्र मूर्त र दीर्घ बनेको पनि उनको बुझाइ छ । आफ्ना लागि आमाको भूमिकाबाट बाहिर आउनु शरीरबाट प्राण निकाले जस्तै रहेको उनी बताउँछिन् । 'अभिनय मेरो प्राण हो र आमाको अभिनयबाट टाढा हुनु मेरो शरीरबाट प्राण निकाले जस्तै हो,' उनी भन्छिन् ।

**मिहिनेत र धैर्यताले दिलाएको सफलता**

१५ सयभन्दा बढी चलचित्रमा अभिनय गरिसकेकी रश्मी व्यस्त कलाकारमध्येकी एक हुन् । २०४७ सालदेखिको मिहिनेतले अभिनयलाई चलायमान बनाइरहिन् । लामो समय टिकिरहन धैर्यता पनि उत्तिकै आवश्यक हुने उनको बुझाइ छ । 'सानातिना रोलबाट सुरु गरेको, तर आमाकै रोलबाट चिनिरहें र गरिरहें । धेरैले एउटै रोल कति गरेको पनि भने । तर मलाई यसैमा सन्तुष्टि मिल्यो । कसैको कुरा नसुनी धैर्य गरेरै एउटै रोल गरें, चिनिएँ पनि,' रश्मीले खुसी साटिन् । अबका दिनमा पनि यही भूमिकाबाटै अघि बढ्ने उनको इच्छा छ ।

अभिनयको क्षेत्रमा काम गरिरहँदा कतिपय परिस्थितिमा आफूलाई नराम्रो दृष्टिसमेत पर्ने भएकाले सही तरिकाबाट लाग्न, मान्छे चिनेर सहकार्य गर्न नवकलाकारहरूलाई उनको सुझाव छ । यसका साथै चर्चाकै लागि आफ्नो रुचीभन्दा बाहिर गएर अभिनय नगर्न पनि उनी सुझाउँछिन् । काम राम्रो गरे एक न एक दिन उचाईमा पुगिने उनको विश्वास छ । साथै आफूले गरिरहेको कामलाई सानो नसोची लागिरहन पनि उनी आग्रह गर्छिन् । पहिचान बनाउनका लागि मिहिनेत, धैर्यता, लगनशीलता र मोह पनि हुनुपर्ने उनको बुझाइ छ । भन्छिन्, 'केही काम गरिराखेका छौं भने मिहिनेत, धैर्यता, लगनशीलता त चाहिन्छ नै तर त्यो कामप्रति क्रेज पनि चाहिन्छ । बल्ल त्यसलाई पर्फेक्ट बनाउन सकिन्छ ।'

## 'परिवार'को निर्माण घोषणासँगै छायांकन सुरु



**काठमाडौं/मस-** चलचित्र 'परिवार'को निर्माण घोषणा गरिएको छ । राजधानीमा शुभमुहूर्त गर्दै निर्माणपक्षले शुक्रबार यो चलचित्र निर्माणको घोषणा गरेको हो । मदन थापाको निर्देशन रहने यो चलचित्रको छायांकन शुक्रबारबाट सुरु भएको निर्माण टिमले जानकारी दिएको छ । अधिकांश दृश्य काठमाडौं उपत्यकाभित्र खिचिने छन् भने केही दृश्य उपत्यका बाहिर समेत छायांकन गरिनेछ ।

निर्देशक थापा यसअघि 'बाटो : रोड टू डेथ' निर्देशन गरिसकेका छन् भने भदौ २७ मा प्रदर्शनमा आउने तयारीमा रहेको चलचित्र 'अभिमन्यु : च्याप्टर-१' मा क्रिएटिभ निर्देशकको भूमिकामा देखिनेछन् ।

चलचित्र 'परिवार'को घोषणा पोस्टरले पनि उत्सुकता जगाएको छ । पोस्टरमा एक पुरुष, दुई महिला, एक बच्चा, कुकुर र बिरालो देखिन्छन् । दुईवटी श्रीमती भन्ने अड्कल गर्न सकिने दृश्य संरचना र टाइटल डिजाइनमा 'परि' छुट्टै र बाँकी अंग्रेजीमा 'वार' लेखिएको शैलीले परिवारभित्रको द्वन्द्व संकेत गर्छ । कुकुर र बिरालो जस्ता पालतु जनावरसमेत परिवारको तनावपूर्ण सम्बन्धको प्रतीकका रूपमा प्रस्तुत गरिएको देखिन्छ ।

हालसम्म कलाकारहरूको टुंगो भने सार्वजनिक गरिएको छैन । यद्यपि निर्माण टिम भने सार्वजनिक भइसकेको छ । चलचित्रका निर्माता किरण रिजाल, रमेश साही, विशाखा विक्रम थापा र स्प्रान्जा कँडेल रहेका छन् । सह-निर्माताको भूमिकामा सन्तोष अधिकारी छन् ।

चलचित्रको कथा प्रेम थापा र गणेश उपाध्यायले लेखेका हुन् । चलचित्रका क्रिएटिभ डाइरेक्टर शेर शाही हुनेछन् भने छायांकन निर्देशन निरज कँडेलले गर्नेछन् ।

विशेष महर्जनको सिनेमेटोग्राफी रहने चलचित्रमा स्टाइल डाइरेक्शन विशाखा बिक्रम थापाले सम्हाल्नेछिन् । चिफ एडी सिर्जना भुजेल, असिस्टेन्ट डाइरेक्टर राजिव गहतराज, द्वन्द्व निर्देशक एनबी महर्जन छन् भने लाइन प्रोड्युसर वारिस सोना र कार्यकारी निर्माता रमेशबहादुर शाही रहेका छन् ।

रे अफ आर्टको प्रस्तुति रहने चलचित्रमा 'भिसा आई फिल्म्स' र 'साही फिल्म्स'को सहकार्य रहनेछ भने निर्माणको जिम्मा 'आत्रेय प्रोडक्सन हाउस' ले लिएको छ ।

# गायन विधामा अर्यालको नयाँ स्वाद



**नेपाली लोक गीत संगीतमा काँठे भाकाको अलग्गै विशेषता छ । ४ भञ्ज्याङको सेरोफेरोका रीतिथिति, संस्कार संस्कृति र परम्परा, पेशालगायत समुदायका कथा काँठे भाकाका विशेषता हुन् । यही मौलिकपनको पहिचान प्रवर्द्धनको पर्याय गायिका हुन्, प्रतिमा अर्याल । हेटौंडाको माटोमा भिजेका भाका गायनमार्फत कला यात्रा प्रारम्भ गरेकी अर्यालले अहिलेसम्म करिब ७ सय गीत गाएकी छन् । यसमध्येका करिब १ दर्जन गीत पश्चिमेली भाकाका छन् । बाँकी सबै गीतहरू काँठे भाकाका हुन् । उनका 'ओए गनगन', 'सेतो सेतो कमेरो माटो', 'लाग्छ माया', 'ओए पापी', 'रूपै रैछ मोहनी लाउने', 'गैरी पीपल', 'हे माया बैगुनी', 'मेरो काले', 'बाँसको डोको', 'घारमा मौरी', 'सान्नानी', 'उडी जाने रानी चरी', 'पूर्वतिर घाम छ', 'बाँसको डोको'लगायत बोलका गीतहरू दर्शक स्रोताले धेरै रूचाएका छन् । काँठे भाकाबाट चिनिएकी गायिकाले अहिले काँठे भाकाभन्दा फरक गायन शैलीमा 'दामी देखिन्छौ' बोलको सिर्जना तयार पारेकी छन् । प्रस्तुत छ अर्यालसँग काँठे भाकाको गायनसँग व्यक्तिगत, पारिवारिक, सामाजिक र पेशागत जीवनको सम्बन्धका विषयमा मध्यान्हले गरेको कुराकानीको सम्पादित अंश :**

**के मा व्यस्त हुनुहुन्छ ?**

मेरो 'दामी देखिन्छौ' बोलको नयाँ सिर्जनामा व्यस्त थिएँ । यो फरक स्वादको नयाँ गीत हो । यो सिर्जना आम दर्शक स्रोतको पहुँचमा पुर्‍याउने योजना र काममा व्यस्त छु ।

**फरक स्वादको भन्नाले ?**

तिजको सामाजिक स्वरुप परिवर्तन भएको छ । यो विवाहित श्रीमतीको कथामा आधारित छ । तिजको मर्म दाम्पत्य जीवनसँग जोडिएको छ । दाम्पत्य जीवनमा आपसी समर्पणको कथा गीतमार्फत प्रस्तुत गर्न खोजेकी छु । परिस्थितिजन्य कारणले आफ्नो साथमा नरहेका श्रीमान्लाई आफ्नै साथमा रहेको अनुभूति गराउने मेरो प्रयास छ । नियति भनेर आपसी विश्वासमा आँच आउन दिनुहुँदैन । नियत सफा छ भने व्यवहारिक परिस्थितिलाई स्वभाविकरूपमा लिनुपर्छ भन्ने सन्देश दिन खोजेकी छु ।

**यो पनि काँठे भाका नै हो ?**

होइन, यो ठ्याक्कै काँठे भाका होइन । त्यसैले नयाँ स्वादको भन्न खोजेकी हुँ । जुन क्षेत्रका स्रोताले सुने पछि मेरै भाका रहेछ भन्ने महसुस गराउने प्रयास गरेकी छु ।

**अहिलेसम्म कति वटा गीतमा स्वर दिनुभएको छ ?**

संख्यामा यति नै भन्न सकिनँ । तर करिब ७ सय जति भए होलान् ।

**संगीत पनि आफैं सिर्जना गर्नुहुन्छ कि ?**

म गायिका हुँ, गाउँछु । संगीतमा अग्रज संगीतकारको सिर्जनामा विश्वास गर्छु । बरु, शब्द चाहिँ आफैं पनि लेख्छु ।

**आफूले गाएका गीतमध्ये मनमै गढेका गीतहरु कुन–कुन हुन् ?**

यो त संवेदनशील प्रश्न हो । आफूले जन्माएका सन्तानहरू अति अशक्त भए पनि, पूर्ण अपाङ्ग भए पनि, सबल भए पनि, दुर्बल भए पनि आमालाई सबैको बराबर माया लाग्छ ।

**तपाईं गायन क्षेत्रमा कसरी आउनुभयो ?**

मेरा बाबा ममी दुवै जना सामाजिक क्रियाकलापमा गीत गाउनुहुन्थ्यो । उहाँहरुमा गायन चेत थियो । यसैको प्रभाव हुनुपर्छ । म पनि स्वतःस्फूर्त गुनगुनाउन थालें । सबैले स्वर राम्रो छ भन्न थाल्नुभयो । यसबाट प्रेरित भएर गायिका भएँ ।

**गायिका (महिला) भएका कारणले गायन विधामा काम गर्न असजिलो भएको त्यस्तो कुनै अनुभव छ ?**

छ नि, यहाँ लैंगिक मात्र होइन, अन्य क्षेत्र, पक्ष छन् । जसले कला क्षेत्रमा अदृश्य प्रभाव राखेको छ । म गायन क्षेत्रमा भएकाले यसका पक्षमा धेरै अनुभूति गरेकी छु । सुरुमा त लाग्थ्यो, काठमाडौं गयो, गीत रेकर्ड गरायो । त्यसपछि त भइहाल्छ नि । पछि थाहा भयो, सिर्जनालाई उत्कृष्ट बनाउन जति काम गर्नुपर्छ, दर्शक स्रोताका हातमा पुर्‍याउन त्योभन्दा पनि धेरै काम गर्नुपर्ने रहेछ । यहाँ त साम, दाम, दण्ड, भेद सबै प्रयोग गरेपछि मात्र सिर्जना देखाउन सकिने ठाउँमा पुग्ने रहेछ । यसो भन्दा, नवआगन्तुकहरू हतोत्साहित नहोउन् । बाहिरबाट हेर्नु र वास्तविक धरातलमा काम गर्नु फरक हो । बुझेर आउनुपर्छ । सुझबुझ, धैर्यता र परिस्थितिको सामना गर्ने सामर्थ्य भए महिला हुनु र पुरुष हुनुले फरक पार्दैन ।

**गीतका विषय कसरी छान्नुहुन्छ ?**

सामाजिक, पारिवारिक, संस्कार, संस्कृति र परम्परागत आयामका गीत मेरा रोजाइका गीत हुन् । यसप्रति मेरो लगाव छ, रहन्छ ।

**लोक जीवनमा आधारित धेरै विधाका गीत छन् । तपाईंले काँठे भाका नै छान्नुको कारण चाहिँ ?**

म हेटौंडामा जन्मेकी हुँ । यो काँठ क्षेत्रमा पर्छ । मेरो माटोबाट आएको काँठ क्षेत्रको सुगन्धले मलाई काँठे भाकाको गायिका बनायो ।

**लोक गीत संगीतमा काँठे भाकालाई कसरी चिन्नुहुन्छ ? यो भाका चिन्ने केही विधि छ ?**

काँठ क्षेत्रको सामाजिक रहनसहन, संस्कार, संस्कृति र परम्पराको कथा बोकेको, मौलिक वादनमा प्रकृति र प्राणीबीचको आत्मीय कथा, धार्मिक कथा, प्रेमको भाव र प्रयोग सिकाउने कथा काँठे भाकामा समेटिएका हुन्छन् । हरेक भेगका गायन शैली हुन्छन् । शैलीबाटै गीतको पहिचान गर्ने हो । यो भाका पनि गायन र वादन शैलीबाट थाहा पाउन सकिन्छ ।

**काँठे भाकामा प्रयोग हुने शब्द कसरी छनोट गरिन्छ ?**

व्यक्तिले अनुभूति गरेका सबै कुरा चाहेर पनि व्यक्त गर्न सक्दैन । मनमा कोरिएका चित्र अरुलाई देखाउन सकिँदैन । यसरी व्यक्त गर्न कठिन भएका, देखाउन नसकिएका भावलाई प्रतीकात्मक र विम्बात्मक शब्द काँठे भाकामा छनोट गरिन्छ । यसमा टुक्का र अन्त्यानुप्रास हुन्छ । सरल शब्द, तर गहिरो अर्थ काँठे भाकामा छानिएका शब्दहरुको प्रकृति हो ।

**भाका गाउनका लागि ठाउँ, समय, वाद्यवादक, उमेर समूह निर्धारण गरिएका कुनै त्यस्ता प्रकार छन् ?**

काँठे भाकाको इतिहास हेर्दा यो धार्मिक गायनका रूपमा प्रयोग भएको पनि पाइन्छ । यो भनेको भजन गायन हो । स्वभावैले भजन गाउँदा धार्मिक स्थान र सामाजिक समारोहमा गाइन्छ । रुची र सहभागिताका दृष्टिले यस गायनमा प्रौढ र ज्येष्ठ नागरिकहरूको बाहुल्यता हुन्छ । यस प्रकारको गायन साँझ वा त्यसपछिको समय छानिन्छ । यसको बृहत् अध्ययन र अभिलेखन आवश्यक छ ।

**काँठे भाकाको विकास क्रम र यसमा आएका परिवर्तनलाई कसरी लिनुहुन्छ ?**

गीत संगीतका क्षेत्रमा सूचना, सञ्चार र प्रविधिले धेरै परिवर्तन ल्याएको छ । यसको विकासको क्रम पनि यससँगै सम्बन्धित छ । सामाजिक अवस्था र व्यवस्था परिवर्तनसँगै गीतप्रति दर्शक स्रोतको रुचीलाई ध्यान दिएर भाका सिर्जना हुन थालेका छन् । सामाजिकभन्दा प्रेमका कथाले महत्व पाएका छन् । धार्मिक गायन छुट्दै र टुट्दै गएको छ । यस्ता अनेक आयाम छन् ।

**अहिले सार्वजनिक भएका सिर्जनामा गायन, वादन तथा प्रस्तुति शैली सही मार्गमा छ कि छैन ?**

सही र गलत शब्दले छुट्याएर हुँदैन । परिवर्तनका आफ्नै स्वाद छन् । यो विषय अध्ययन पछि मात्र भन्न सकिने कुरा हो ।

**काँठे भाका गायनबाट कला यात्रा प्रारम्भ गर्ने इच्छा राख्ने कलाकारलाई नभनी नहुने कुरा के छ ?**

यो एउटा पेशा हो । पेशासँग व्यक्ति तथा उसको परिवार र समाजको गहिरो सम्बन्ध हुन्छ । यसको व्यावसायिकता, आफ्ना अन्तरनिहित क्षमता, धैर्यता, यात्राका सहयात्रीको साथ र सहयोगलगायत प्रपञ्च मिलाएर यस क्षेत्रमा प्रवेश गर्नुभयो भने गायन यात्राको गन्तव्यमा पुग्न सजिलो हुनेछ । यात्राको पूर्वतयारी बलियो बनाउनु भन्न चाहन्छु ।

**भाकाको विकास र विस्तारका लागि दर्शक स्रोताले पूरा गर्नुपर्ने केही दायित्व छन् ?**

मेरा सिर्जनालाई थप कर्णप्रिय र रचनात्मक बनाउन सिर्जनात्मक सुझाव दिनुभयो भने त्यो नै मेरा लागि दर्शक स्रोताले पूरा गर्नुभएको दायित्व हुनेछ ।

**सरकार वा साझेदारसँग कुनै अपेक्षा ?**

सरकारले कला र कलाकारिता क्षेत्रको क्षमतालाई शिक्षा, सूचना, जानकारी तथा सन्देश संवाहकका रूपमा उपयोग गर्नुपर्छ । यसरी काम गर्ने कलाकारलाई देशको आभूषणका रुपमा सजावट गर्नुपर्छ । धुलोमैलोबाट बचाउनुपर्छ । यो सबै काम सरकारको हो ।

**अन्त्यमा, काँठे भाकाको मौलिकपन बचाउन, भाकामा छुट्दै गएका, हराउँदै गएका पनलाई पुनरुत्थान गराउन तपाईंको भूमिका कस्तो रहला ?**

म माटोको बास्ना पहिचान गर्न सक्छु । यो बास्ना छोडेर कृत्रिम अत्तरको बास्ना पछ्याउँदै जान्न । मौलिकताबाट मेरो पहिचान र पेशागत जीवन यहाँसम्म आएको हो । यसैलाई दिगो र समाजको अंग बनाउन चाहन्छु । यसका लागि तन, मन, वचन र कर्मले समर्पित भइरहनेछु ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**